UNDRR

UN Office for Disaster Risk Reduction

# सहरहरूका लागि विपद् उत्थानशीलता स्कोरकार्ड

२०१७ मे

## प्रारम्भिक स्तर मूल्याङ्कन



# प्रारम्भिक स्तर मूल्याङ्कन

## विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाई कार्यढाँचाको प्रतिवेदन र कार्यान्वयनलाई समर्थन गर्न: २०१५-२०३०

## उत्थानशील सहर निर्माणका लागि दश आवश्यकता

प्रकोप जोखिम न्यूनीकरणका लागि संयुक्त राष्ट्र कार्यालय


USAID, युरोपेली आयोग, IBM र AECOM को सहयोगमा विकसित

**स्कोरकार्डले स्थानीय सरकारहरुलाई विपद् जोखिम न्यूनीकरणको लागि सेन्डाई कार्यढाँचा (२०१५-२०३०)को कार्यान्वयनमा प्रगति र चूनौतीहरुको अनुगमन र समीक्षा गर्न अनुमति दिने मूल्याङ्कनहरुको प्रारुप उपलब्ध गराउँदछ र तिनीहरुको विपद् उत्थानशीलताको मूल्याङ्कन गर्न उत्थानशील सहर निर्माणको लागि UNDRR ले दश आवश्यकताहरुको विकास गरेको छ।**

## उत्थानशीलता भनेको के बुझ्छौ ? सहरहरुलाई प्रकोप उत्थानशीलता बनाउन स्कोरकार्डको भूमिका :-

सेन्डाई कार्यढाँचाले परिभाषित गरेअनुसार "उत्थानशीलता" भनेको जोखिम बारे  उजागर गरिएको प्रणाली, समुदाय वा समाजको प्रतिरोध गर्ने, थेग्न सक्ने, समायोजित हुने र जोखिमबाट उत्पन्न प्रभावबाट समयमै कुशलतापूर्वक पुनर्लाभ गर्ने क्षमता हो, जस अन्तर्गत विपद् व्यवस्थापन मार्फत आवश्यक आधारभूत संरचना तथा कार्यहरुको संरक्षण र पुनर्स्थापना गर्ने कार्य समेत संलग्न हुन्छ।

बढ्दो शहरीकरणको सन्दर्भमा, प्राकृतिक र मानवकृत प्रकोपहरु जस्तै बाढी, भूकम्प, तुफान, जंगल आगजनी,




**चित्र नं. १ सहरहरूको लागि प्रकोप उत्थानशीलता स्कोरकार्डको क्षेत्र**

रसायनिक फैलावट, विद्युत कटौती लगायत एवंम् लामो समयको अन्तरालमा हुने भूमिगत पानीमा कमी, बन विनास, घरवार विहिनता र बेरोजगारी जस्ता सामाजिक-आर्थिक समस्याहरु सहित आपतकालीन संकटहरुको सामना र पुर्नलाभको लागि बनाइएको कार्यढाँचा हो।

विपद् उत्थानशीलता सहरले सामना गर्न सक्ने संकट र तनावहरुको दायराको सम्बन्धमा स्कोरकार्डले सीमा निर्धारण गर्दछ, र वास्तवमा यो स्कोरकार्डले सहरले सामना गर्न सक्ने विपद् जोखिमहरु बुझ्न, ती जोखिमहरुलाई कम गर्न र हुन सक्ने जोखिमहरुलाई (प्रतिक्रिया दिन) सम्बोधन गर्न सक्ने क्षमतालाई समेट्दछ, ताकी जनधनको तत्काल र दीर्घकालिन वा जीविकोपार्जन, सम्पत्ति, पूर्वाधार, आर्थिक गतिविधि र वातावरणमा हुने क्षती न्यूनीकरण हुनेछ, यद्यपी, यसले अभ्यासकर्ताहरुलाई दीर्घकालिन तनावहरुले तीव्र संकटका घटनाको गम्भीरता या सम्भावनालाई प्रभाव पार्न सक्छ, साथै प्रतिकार्य र अनुकूलन गर्न सहरको क्षमतालाई कमजोर पार्न सक्छ भनेर विचार गर्न पनि आवश्यक छ। उदाहरणको लागि वन फडानीले अचानक बाढीको सम्भावना बढाउन सक्छ, वा ठूलो भूकम्प पछि बञ्चित (सम्भवत बिमा नगरिएका) समुदायहरुको आफ्नो घर र व्यवसायहरु पुन:निर्माण र पुन: सञ्चालन गर्न सक्षम नहुन सक्छन्। चित्र नं. १ बाट सहरले

सामना गर्नुपर्ने विभिन्न तनाव र झट्कालाई स्कोरकार्डको दायरासँग चित्रण गर्दछ।

उत्थानशील सहर निर्माणको लागि, दश आवश्यक पृष्ठभूमिमा स्कोरकार्ड निर्माण गरिएको छ। सन् २००५ मा पहिलो ह्योगो कार्यसंरचनाको विकास भयो त्यसपछि विपद् जोखिम न्यूनीकरणकको लागि सेन्डाई ढाँचाको कार्यान्वयन २०१५-२०३० लाई अगाडि बढाउन सवलीकरण भएको छ।

चित्र नं. २ मा देखाए अनुसार उत्थानशील सहर निर्माणका लागि दश आवश्यक कुराहरुले सहरहरुलाई थप विपद् उत्थानशीलता बन्नका लागि सम्बोधन गर्न, आवश्यक पर्ने धेरै मुद्दाहरु विस्तृत रुपमा सम्बोधन गर्दछ।

**आवश्यकता**

- १-३ ले सुशासन र वित्तीय क्षमता  समावेश गर्दछ।
- ४-८ ले योजना र प्रकोप तयारीका लागि धेरै पक्षहरु समावेश गर्दछ।
- ९-१० ले विपद् प्रतिकार्य र घटना पछिको पूर्नलाभ लाई समेट्दछ।

१.प्रकोप उत्थानशीलताको लागी संगठित हुने

२. वर्तमान र भविष्यको जोखिम पृष्ठभूमिको पहिचान, बुझाई र प्रतिकार्य

३. उत्थानशीलताको लागि वित्तीय क्षमताको अभिबृद्धि गर्ने

४. उत्थानशील शहरी विकास अवलम्बन गर्ने

५. प्राकृतिक पारिस्थितिकीय प्रणालीद्वारा उपलब्ध हुने संरक्षित कार्यहरुको अभिवृद्धिको लागि प्राकृतिक क्षेत्रहरु (विशेष) को सुरक्षा गर्ने


६. उत्थानशीलताको लागि संस्थागत क्षमतामा अभिवृद्धि

७. उत्थानशीलताको लागि सामाजिक क्षमताको बुझाइ र शसक्तिकरण गर्ने

८. पूर्वाधार उत्थानशीलतामा वृद्धि

९. प्रभावकारी विपद् प्रतिकार्य सुनिश्चित गर्ने

१०. पुनर्लाभ मा तीव्रता र पहिला भन्दा अझ बलियो पुनर्निर्माण




**चित्र नं. २ उत्थानशील सहर निर्माणका लागि दश आवश्यकताहरु**

**सहरहरुको लागि विपद् उत्थानशीलता स्कोरकार्डको प्राथमिक उद्देश्य :-**

- सेन्डाई कार्यढाँचा अनुसारको कार्यान्वयनमा भएको प्रगति र चूनौतीहरुको अनुगमन र समीक्षा गर्न संघीय, प्रदेश र स्थानीय तहको सरकारलाई सहयोग गर्ने ।
- स्थानीय प्रकोप जोखिम न्यूनीकरण रणनीतिबाट (उत्थानशीलता कार्ययोजना) विकासलाई शसक्त बनाउने ।

**सहरहरुको लागि विपद् जोखिम उत्थानशीलता स्कोरकार्ड प्रयोगबाट हुने फाइदाहरु :-**

प्रारम्भिक स्कोरकार्ड प्रयोगकर्ताहरुले यसबाट धैरै फाइदा भएको प्रतिवेदन दिएका छन् । स्कोरकार्डबाट निम्न फाइदाहरु हुन सक्दछ :-

- सहरहरुको विद्यमान विपद् उत्थानशीलताको आधारभूत मापन स्थापना गर्न ।
- उत्थानशीलताका चुनौतीको बारेमा बुझाउन र जागरुक गराउन ।
- नियमित रुपमा सहकार्य नगर्ने मुख्य सहर र सरोकारवाला बीच संवाद र सहमति गराउन ।
- बर्तमान परिवेशमा प्राथमिकताको आधारमा लगानी र कार्य सम्बन्धी छलफलहरु गर्न सक्षम बनाउन ।
- अन्तत: समय अनुसार सहरहरुको लागि बढ्दो उत्थानशील प्रदान गर्ने कार्यहरु र कार्यान्वयन योग्य परियोजनाहरुको नेतृत्व गर्न ।

**सहरहरुको लागि विपद् जोखिम उत्थानशीलता स्कोरकार्ड कसले प्रयोग गर्नुपर्छ :-**

- सहर भनेको प्रणालीहरुको प्रणाली हो, (जस्तै: सञ्चार, पानी, सरसफाई, उर्जा, स्वास्थ्य सेवा, कल्याण, कानून र व्यवस्था, शिक्षा, व्यवसाय, सामाजिक र छिमेकी प्रणालीहरु) जसमा संभावित रुपमा अलग-अलग सरोकारवालाहरु हुन्छन् । उत्थानशीलताले यी प्रत्येक प्रणालीको बारेमा विचार गर्न आवश्यक हुन्छ र प्रभावकारी सहकार्यबाट मात्र उत्थानशीलता प्राप्त गर्न सक्छ भन्ने ठान्छ ।
- सरकारी, निजी व्यवसाय, सामूदायिक समूहहरु, शैक्षिक संस्थाहरु, अन्य संस्थाहरु वा व्यक्तिहरु लगायतका कर्ताहरुको दायराले सहरको उत्थानशीलता कायम राख्न र सुधार गर्न भूमिका खेल्ने हो, स्थानीय सरकारका जनप्रतिनिधि, पदाधिकारी र कर्मचारीहरुको उत्तरदायी भूमिका हुन्छ र लिनु पर्छ ।
- स्कोरकार्डको मूल्याङ्कन र समिक्षा गर्न नेतृत्व लिनुपर्छ । साथै स्कोरकार्ड पूरा गर्न विभिन्न सरोकारवालाहरुबीच बहुपक्षिय वार्ता र पहुँच आवश्यक पर्छ जसले धैरै भन्दा धैरै सहरहरुलाई उत्थानशील सहरतर्फ अग्रसर हुन मद्दत गर्छ ।

**विपद् जोखिम उत्थानशीलता स्कोरकार्डले जोखिमसँग कस्तो प्रकारको सम्झौता गर्छ ?**

- जब स्कोरकार्डलाई Standalone tool को रुपमा प्रयोग गरिन्छ, हामीले हाम्रो सहरको विपद् र सो बाट आइपर्ने जोखिमको बारेमा ध्यान दिनु आवश्यक छ । विशेषगरी, हामीलाई हाम्रो सहरको पहिचान भइसकेको जोखिम वा सम्भावित बहुजोखिम घटनाको लागि सबै भन्दा सम्भावित र संवेदनशील विपद् जोखिम अवस्थाहरु पहिचान गर्न यसले मद्दत गर्दछ । कुनै विपद् कुनै सहरको लागि गम्भिर खालका विपद् हुन सक्छन् भने सोही विपद् अन्य सहरको लागि कम जोखिमपूर्ण हुन सक्छन् र ठूला जोखिम विभिन्न साना परिघटनाहरुको संयोजनबाट उत्पन्न हुन सक्छ ।
- UNDRR र Deloitte द्वारा विकसित Quick Response Estimation Tool (QRE) को प्रयोग जोखिमको स्तर अनुमान गर्न उपयोगी यन्त्र हुन सक्छ । स्कोरकार्डसँग प्रयोग गरि जोखिम जागरुकता बढाउन विकास गरिएको यो एउटा सरल Spreadsheet हो । QRE tool https://mcr2030.undrr.org/quick-risk-estimation-tool बाट डाउनलोड गर्न सकिन्छ ।

**सहरहरुको लागि विपद् जोखिम उत्थानशील स्कोरकार्डले कसरी काम गर्छ ?**

- स्कोरकार्ड प्रयोग गर्ने स्थानीय सरकारले निम्न स्तरको सीमामा यो उपयोगी हुन सक्छ भनेका छन् :

- एक उच्च स्तर सर्वेक्षणमा प्राय: १ वा २ दिनको कार्यशाला गोष्ठी मार्फत यसलाई सहभागीहरुले अग्रिम भर्ने प्रश्नावलीहरु द्वारा पृष्ठपोषण गर्न सक्नेछ । कहिलेकाँही व्यक्तिगत मापदण्डको सट्टा TEN ESSENTIALS का प्रत्येक तहमा औषत वा सहमतीय स्कोरको प्रयोग गरिन्छ ।
- केही ब्यक्तिगत आवश्यक कुराहरुमा ध्यान केन्द्रित गर्ने सीमित अभ्यासको रुपमा, उत्थानशीलताका केहि विशेष पक्षहरुको गहन समीक्षा गर्न, जस्तै समुदायिक स्तरका तयारी ।
- सहरको सम्पूर्ण उत्थानशीलता स्थितिको समीक्षा गर्न जसको लागि १ देखि धेरै महिना सम्म लाग्न सक्छ ।
- प्रयोगकर्ताको प्रतिक्रियाको आधारमा स्कोरकार्डले २ तहमा स्कोर गर्ने संभावना प्रदान गर्दछ ।

➢ तह -१ :- प्रारम्भिक स्तर, मुख्य सेन्डाई ढाँचा लक्ष्य र सूचकहरुलाई केहि महत्वपूर्ण उप- प्रश्नहरुको साथ सरोकारवाला कार्यशालामा प्रयोग को लागि सुझाव दिइएको छ । जहाँ ४७ प्रश्न र सूचकहरु छन् । प्रत्येकमा ०-३ अंकभार रहेको छ ।

➢ तह -२ (विस्तृत मूल्याङ्कन)

यो दृष्ट्रिकोण एक बहु-सरोकारवाला अभ्यास हो, जसको लागि १ देखि ४ महिना लाग्न सक्छ र यो विस्तृत सहर उत्थानशीलता कार्ययोजनाको लागि आधार तयार हुन सक्छ । विस्तृत मूल्याङ्कनमा ११७ सूचक मापदण्डहरु समावेश छन्, प्रत्येकमा ०-५ स्कोर (अंक) छन् । विस्तृत मूल्याङ्कनमा रहेको मापदण्डले प्रारम्भिक स्तरको कार्यशालाको लागि उपयोगी छलफल प्रवर्धनको रुपमा काम गर्न सक्छन् ।

प्रारम्भिक मूल्याङ्कनका लागि, प्रश्नहरु सबैलाई अंक दिन जरुरी छ, नतिजा जानीजानी सरल तर अपरिस्कृत बनाइएको छ । प्रश्नहरुको तत्कालै प्रतिक्रिया दिनुहोस् । के हुँदा राम्रो गर्न सकिन्छ, सोच्ने । यी कुराहरु, यदि रेकर्ड गरिएको छ भने, तपाईको पालिका उत्थानशीलता रणनीति/ कार्ययोजनामा कार्य वा परियोजनाहरुमा थप विकसित हुन सक्छ । प्रारम्भिक मूल्याङ्कन पूरा गर्दा, कुराकानी पनि अंक/ नतिजा जतिकै महत्वपूर्ण हुन्छ ।

विस्तृत मूल्याङ्कनका लागि केही मूल्याङ्कन मापदण्डहरु तपाईको सहरसँग सान्दर्भिक नभएको खण्डमा छुट्ट्याउन संभव हुन्छ । (उदाहरणको लागि बन्दरगाहसँग सम्बन्धित मूल्याङ्कन हुन्छ तर तपाईको सहरमा एउटा पनि नहुन सक्छ ।) तपाईको अन्तिम प्रतिशत अंकले तपाईले सान्दर्भिक नभएको ठान्नु भएको कुनै मूल्याङ्कन/मापदण्ड समावेश गर्दैन ।

प्रारम्भिक र विस्तृत मूल्याङ्कन बीच जानीजानी केहि दोहोरिएको पनि छ । विस्तृत मूल्याङ्कन पूरा गर्ने स्थानीय सरकारहरुले प्रारम्भिक मूल्याङ्कन पूरा गरि सकेको खण्डमा उनीहरुलाई सजिलो हुन्छ ।

प्रारम्भिक मूल्याङ्कन पूरा गरि सकेका स्थानीय तहहरुलाई विस्तृत मूल्याङ्कन निर्माण गर्न सजिलो हुनेछ तर यसको लागि विस्तृत सोच, समिक्षा र परामर्श आवश्यक पर्छ । यस कागजात (भाग -१ ) मा प्रारम्भिक स्तरको मूल्याङ्कनको लागि मापदण्डहरु समावेश छन् । विस्तृत मूल्याङ्कन यहाँबाट डाउनलोड गर्न सकिन्छ । https://mcr2030.undrr.org/disaster-resilience-scorecard-cities.

सहरको आवश्यकतालाई ध्यानमा राखि स्कोरकार्डलाई लचिलो रुपमा प्रयोग गर्न सकियोस भन्ने हेतुले डिजाइन गरिएको छ । यसैलाइ ध्यानमा राखेर, स्थानीय सरकारहरु दश आवश्यकताको अंक दिने सवालमा आफ्नै वजन (Weight) अंकभार लागू गर्न र मूल्याङ्कनलाई समर्थन गर्न आफ्नै "प्रमाण" मा निर्णय गर्न स्वतन्त्र छन् । UNDRR ले प्रमाणका प्रकारहरुको सम्बन्धमा केही सुझावहरु प्रदान गरेको छ, जसले सामान्यतया स्कोरिङ आवश्यकताहरु पूरा गर्ने छ । सहरहरुसँग अन्य वा समान प्रमाणहरु हुन सक्छन्, जसले स्कोरिङ मापदण्डहरु हासिल भएको छ भनि आश्वासन दिन्छ ।

**स्कोरकार्ड प्रयोग गर्दा यो कुराहरुमा ध्यान राख्नुहोस् :-**

❖ स्कोरकार्डको उद्देश्य व्यवस्थित हुनु हो, व्यक्तिगत अंकहरु अपरिहार्य रुपमा ब्यक्तिपरक हुन सक्छ, कुन अंक तपाईको विपद् जोखिम उत्थानशीलताको स्तरमा सबैभन्दा नजिकबाट लागू हुन्छ भनेर निर्णय गरि प्रयोग गर्नुहोस् । प्रत्येक मूल्याङ्कन अंकको लागि तपाईंले दिनुभएको बिचार, यसको औचित्य पुष्टि गर्न महत्वपूर्ण

हुनेछ । साथै भविष्यमा पुर्न:मूल्याङ्कन र प्रगतिको मापनमा सहयोगी हुनेछ ।

- ❖ विपद् जोखिम न्यूनीकरण र उत्थानशीलता निर्माण गर्ने सहयोगी प्रयास हुन आवश्यक छ । प्रकोप उत्थानशीलताका केही पक्षहरु स्थानीय सरकारको नियन्त्रणमा नहुन सक्छ, उदाहरणको लागि सहरको विद्युत आपूर्ती, दूरसञ्चार प्रणाली, अन्य छुट्टै एजेन्सी वा निजी उपभोक्ताद्वारा सञ्चालित हुन सक्छ वा प्रदेश वा अन्य सरकार सहभागी हुन सक्छ । स्कोरकार्डले यी अन्य संस्थाहरुसँग परामर्श गर्नुपर्दछ, यसले यी संस्थाहरुसँग संलग्नता, समझदारी र अपनत्व बढाउनका साथै राम्रो सम्बन्ध विकास गर्न मद्दत गर्दछ ।
- ❖ तपाईले स्कोरकार्ड पूरा गर्दा नागरिक समूहरुसँग परामर्श गर्नाले तपाईको परिणामहरुको तथ्यमा सुधार हुनेछ ।
- ❖ सकेसम्म सही र यथार्थपरक भई संवेदनशील क्षेत्रहरु पहिचान गर्ने जसले गर्दा कोष व्यवस्थापन र प्राथमिकतामा ध्यानाकर्षण गराउँछ ।
- ❖ स्कोरकार्डले तपाईको सहरले सामना गरिरहेको सबै प्रकोप उत्थानशीलताका समस्याहरुलाई सम्बोधन नगर्न सक्छ, यदि शंका छ भने, जोखिम व्यवस्थापनका अन्य सम्भावित निकायका विशेषज्ञबाट सल्लाह लिनु पर्दछ ।
- ❖ स्कोरकार्डले प्रकोप उत्थानशीलताको महत्वकांक्षी परिभाषा प्रदान गर्दछ । कुनै पनि सहर / नगरले अधिकतम अंक प्राप्त गर्ने संभावना कम छ र धेरैले ५०% भन्दा बढी अंक प्राप्त गर्ने छैनन् । स्कोरकार्डको उद्देश्य सहरहरुलाई सम्मुखता प्रकोप जोखिम न्यूनीकरण तर्फ मार्गदर्शन गर्ने र सन्तुष्टिलाई चुनौती दिनु हो ।
- ❖ अंकहरु स्तर होइनन् र त्यसैले विभिन्न सहरहरुबीच तुलना हुँदैनन्, स्कोरकार्ड सहरहरुबीच प्रतिस्पर्धाको सहायताको लागि डिजाइन गरिएको होइन, तर ज्ञानको आदानप्रदानलाई पहिचान गर्न र प्रवर्धन गर्न भने सहयोगी छ । स्थानीय सरकारहरुले स्कोरकार्ड प्रयोग गरेर सहभागीहरुको दृष्ट्रिकोणमा बृद्धि गर्नको लागि प्रोत्साहन गर्न चाहान्छ । यसको अर्थ उनीहरुले आफ्नो सहरको उत्थानशीलतामा भएका कमजोरीहरु पहिचान गर्नेछन् भन्ने स्वीकार गर्नु हो, तर यसले सहरको उत्थानशीलतालाई बढाउन र सुधार गर्न सक्ने कार्यहरुको विकासलाई पनि प्रेरित गर्नेछ ।

**विश्वका अन्य कार्यढाँचासँग प्रतिवद्धता :-**

- ❖ यो स्कोरकार्ड उत्थानशील सहर निर्माणको लागि दश आवश्यक कुराहरुमा आधारित छ, जुन पहिलो पटक २००५ मा Hyogo कार्यढाँचाको भागको रुपमा विकसित गरिएको थियो र सन् २०१५ मा सहमति भएको सेन्डाई कार्यढाँचाको अंशको रुपमा परिमार्जन र अद्यावधिक गरिएको थियो ।
- ❖ यस सेन्डाई कार्यढाँचामा राष्ट्रिय- अन्तराष्ट्रिय स्तरमा प्रतिवेदनको समर्थन गर्न धेरै प्रमुख सूचकहरु विकास गरी समावेश भएका छन् ।
- ❖ परिच्छेद -D ले बैचारिक स्तरमा देखाउनका लागि केही दृष्टान्तहरु समावेश गर्दछ तथा सेन्डाई लक्ष्यहरु र फराकिलो दिगो विकास लक्ष्यहरु (SDGs) बीचको सम्बन्ध र पेरिस सम्झौता (COP 21) मार्फत सहमत भएका मुख्य जलवायु लक्ष्यहरु हुन् ।

**समर्थन उपकरणहरु:-**

- ❖ सेन्डाई कार्यढाँचा अनुगमनको एक भागको रुपमा स्थानीय सरकारहरुका लागि तथ्याङ्क संकलन, विश्लेषण गर्न मद्दतको लागि छिट्टै अनलाईन उपकरण उपलब्ध गराइने छ । यो मञ्चको मुख्य रुपमा स्थानीय सरकारहरु र तिनिहरुका साझेदारीहरुद्वारा प्रयोगका लागि विकसित गरिने छ । स्थानीय सरकारका नेतृत्वहरुलाई स्कोरकार्डका निश्कर्षहरु प्रयोग गर्न र नीति, योजना, निर्णयहरु सूचीत गर्न र समयसँगै सहरको प्रगति देखाउन यसको प्रयोग गरिनेछ ।

यस कागजातको अर्को पृष्ठमा सहरहरूको मूल्याङ्कन मापदण्डका लागि सम्बन्धित विपद् उत्थानशीलता स्कोरकार्डको साथमा सहरहरूलाई उत्थानशील बनाउनका लागि आवश्यक दश वटा आवश्यकता हरुसँगको रूपरेखा समावेश गरिएको छ ।

यो कागजात (भाग -१) ले प्रारम्भिक स्तरको मूल्याङ्कनका लागि मूल्याङ्कन मापदण्डहरू समावेश गर्दछ ।

# आवश्यकता ०१

## उत्थानशीलताको लागि संगठित हुने

**आवश्यकता ०१ :**
**उत्थानशीलताको लागि संगठित हुने**

**संगठनात्मक संरचना बनाउनुहोस् र विपद् जोखिम कम गर्ने कार्यलाई बुझ्न आवश्यक प्रक्रियाहरू पहिचान गर्नुहोस्**

- कार्यढाँचा र संरचनाहरु आ-आफ्ना हुन्छ देशभित्र र बीचमा भन्ने कुराको पहिचान गर्दै, यसमा समावेश भएका तर सिमित नभएका पक्षहरु :-
- सबै सरोकारवालाहरुको समर्थन / सहकार्य तथा राहतमा समन्वयको लागि एक विन्दु स्थापना गर्न।
- सहरको आफ्नो क्षेत्राधिकारभित्रको निर्वाचित नेतृत्वहरुले शसक्त र महत्वपूर्ण भूमिका निर्वाह गर्न। (जस्तै नगर प्रमुख)
- सबै शाखाहरुले आफ्नो नीति र कार्यक्रमहरुको उद्देश्य प्राप्ती गर्नका लागि विपद् जोखिम न्यूनीकरणको महत्व बुझेका र आवश्यकता अनुसार सहकार्य गर्नका लागि उनीहरुसँग एउटा कार्यढाँचा भएको सुनिश्चितता गर्न।
- सबै स्थानीय सरकारको छलफलले नियमित रुपमा उत्थानशीलताको प्रभावहरुलाई विषयसूची बनाउने, नीतिहरु र मापदण्डहरुको उत्थानशीलता प्रभावहरुको पनि मूल्याङ्कन र आवश्यता अनुसार कारवाही गरिने कुराको सुनिश्चितता गर्न।
- सबै तहका सरकार सहित सम्बन्धित सरोकारवाला समूहहरु जस्तै (संघीय, प्रदेश, नगर, काउन्टी, साना प्रशासनीक ईकाइ वा अन्य शाखा, उप-शाखाहरु, छिमेकी पालिका वा अन्य) नागरिक समाज, सामुदायिक संस्थाहरु र निजी क्षेत्रसँग संलग्न र गठबन्धन निर्माण गर्न।
- अन्य नगर सञ्जालहरु र प्रयासहरुमा (जस्तै: नगरदेखि नगरशिक्षा कार्यक्रमहरु, जलवायु परिवर्तन, उत्थानशीलताका प्रयासहरु) मा संलग्न हुने र सिक्न।
- आवश्यक रणनीतिहरु, कानून, ऐनहरु, नीति, संहिताहरु स्थापित गर्ने, भएका नीतिहरुमा उत्थानशीलताका गुणहरुलाई एकीकृत गर्ने, जुन जोखिमको सृजनालाई रोक्न र घटाउनका लागि सहयोगी बनोस्।
- सबै सरोकारवालाहरु र नागरिकहरु बीच साझेदारी गर्ने र तथ्याङ्क संकलन र व्यवस्थित गर्ने नीतिहरु निर्माण गर्न।
- सबै नागरिकहरुको लागि प्रतिवेदन संयन्त्रहरु राख्ने, जसले उत्थानशीलताको बारेमा मुख्य सूचनाहरु लिन्छन् र पारदर्शी, जवाफदेही र सुधारिएका तथ्याङ्क लिनलाई ध्यान दिन्छन्। (जस्तै : UNDRR उपकरणहरु जस्तै यो स्कोरकार्डको प्रयोग) र अन्य संस्थाहरु र सरोकारवालाहरु बीच जानकारीको साझेदारी हुन्छ।
- स्कोरकार्डको यस खण्डको जवाफ दिन आवश्यक पर्ने तथ्याङ्क समावेश हुनेछ, संगठन चार्ट, क्षेत्र, विषय र अन्य मापदण्ड अनुसार संस्थाहरुको सूची लागू भएमा MOS र सम्बन्धित प्रत्येक संस्थाको लागि उपलब्ध भूमिकाका विवरणहरु साथै यसमा संलग्न प्रमुख ब्यक्तित्वहरुको नाम, बैठकको निर्णय र सम्बन्धित संस्थाहरुको कार्यहरु, सरोकारवालासम्म पुग्नको लागि उपलब्ध जानकारी र तथ्याङ्कको एक सूची नोट तथ्याङ्क साझेदारी उत्थानशीलताको लागि संगठन गर्न महत्वपूर्ण हुनसक्छ, तथ्याङ्क साझेदारी गर्न मूल्याङ्कन मापदण्ड आवश्यकता नं ६ अन्तर्गत समावेश गरिएको छ।

तपाईंले स्कोरकार्डको यस खण्डको जवाफ दिन आवश्यक पर्ने तथ्याङ्कमा समावेश हुनेछ: संगठन चार्टहरू; क्षेत्र, विषय र अन्य मापदण्ड अनुसार संगठनहरूको सूची; लागू भएमा समझदारी ज्ञापन (MOU) र सम्बन्धित प्रत्येक संस्थाको लागि अन्य भूमिका विवरणहरू; नामहरू ठीक छ तथा प्रमुख व्यक्तिहरू संलग्न छन्; बैठकको माइन्युट र सम्बन्धित संस्थाहरूबाट कार्यहरू; प्रत्येक सरोकारवालालाई उपलब्ध जानकारी र तथ्याङ्कको सूची।

*नोट: तथ्याङ्क साझेदारी उत्थानशीलताको लागि संगठित गर्न मद्दत गर्न महत्त्वपूर्ण हुन सक्छ; तथ्याङ्क साझेदारी समावेश गर्ने मूल्याङ्कन मापदण्ड आवश्यकता नं. ६ अन्तर्गत समावेश गरिएको छ।*

**प्रारम्भिक मूल्याङ्कन**

| क्र.स. | विषय / मुद्दा | प्रश्न / मूल्याङ्कन क्षेत्र | सूचक र मापन तह | टिप्पणीहरु |
|---|---|---|---|---|
| P १.१ | योजना निर्माण | ● के सहरको गुरु योजना (वा त्यससँग सम्बन्धित रणनीति/ योजना) ले सेन्डाई कार्यढाँचा अनुरुप विपद् जोखिम न्यूनीकरणका उपायहरु समावेश गर्ने गरी लागू भएको छ ?<br>● योजना भन्नाले सामान्यतया सहरव्यापी योजनाको केही रुपलाई बुझ्छौं, जुन रणनीति र सोचसँग अन्तरसम्बन्धित हुन्छ। यो एक स्थानीय, पूर्वाधार वा वातावरणीय वा दिगो योजना हुनसक्छ। यो सेन्डाई कार्यढाँचा २७ (B) को मापदण्डको पालना अनुसार छ। बैकल्पिक रुपमा, यदि कुनै सहरमा राष्ट्रिय रणनीतिहरु अनुसार विपद् जोखिम न्यूनीकरण योजना/ नीति / रणनीति छ भने यसले पनि अनुपालन प्रदर्शन गर्न सक्छ। | ३. पूर्ण रुपमा एकीकृत DDR योजना, पूर्ण सेन्डाई ढाँचाको पालना र दश आवश्यक सबै समावेश र लागू भएको।<br>२. सेन्डाइ कार्यढाँचाको पालना गर्दै स्वायत्त DRR योजना निर्माण र दश आवश्यकताहरुको सम्बोधन भएको।<br>१. सेन्डाई कार्यढाँचाको आशिंक पालना र दश आवश्यकताहरु मध्ये केहिको मात्र सम्बोधन भएको ।<br>०. कुनै योजना पालना छैन। | ● सेन्डाई ढाँचा अनुच्छेद-२७ (B) पालना गर्न, स्थानीयमा उपयुक्त रणनीति समावेश हुनुपर्दछ।<br>● समयतालिका र लक्ष्यहरु<br>● सूचकहरु<br>● जोखिमको उत्पन्नतालाई रोक्नका लागि उद्देश्य र उपायहरु<br>● विद्यमान जोखिम कम गर्ने उद्देश्य र उपायहरु<br>● आर्थिक, सामाजिक, स्वास्थ्य र वातावरणीय उत्थानशीलताको सुदृढीकरण गर्ने उद्देश्य र उपायहरु<br>● उत्थानशील सहर निर्माणको लागि दश आवश्यकताहरुलाई अनुपालनको लागि योजनामा सबै दश आवश्यकताहरुमा समावेश हुनुपर्छ। |
| P १.२ | संगठन, समन्वय र सहभागिता | ● के विपद् जोखिम न्यूनीकरण गर्न अधिकार सम्पन्न र स्रोत साधन सहितको बहुसंस्था/ विषयगत संयन्त्र छ ? | ३. सबै प्रमुख संस्थाहरु राम्रोसँग स्थापित छन्, राम्रो संसाधनहरु छन् र सबै DRR चरणहरुमा कार्य गर्नको लागि उचित अधिकार छन्।<br>२. सबै प्रमुख संस्थाहरु राम्रोसँग स्थापित छन् । उचित संसाधन र कार्य गर्ने अधिकार पनि छ। तर मुख्य DRR सम्बन्धी स्रोतमा बाझिएको छ।<br>१. सहर टोलीहरुसँग अधिकार र आव्हान गर्ने क्षमता छ तर आन्तरिक संस्थाहरु र स्रोतको सिधा समन्वय र सहकार्य छैन। | ● पूर्व-घटना, घटना प्रतिकार्य र प्रकोप पछि प्रतिकार्यको लागि यस बारे सोच्नुहोस्। के त्यहाँ स्पष्ट सबै-एजेन्सी DRR संगठनात्मक चार्ट छ? के प्रत्येक एजेन्सी वा संस्थाको स्पष्ट र दस्तावेज भूमिका छ र के यो भूमिकामा सहमत छ? के समन्वय कार्यका लागि कोष विनियोजन स्पष्ट रूपमा स्थापित छ? |

| क्र.स. | विषय / मुद्दा | प्रश्न / मूल्याङ्कन क्षेत्र | सूचक र मापन तह | टिप्पणीहरु |
|---|---|---|---|---|
| | | | ०. प्रमुख संस्थाहरुसँग उचित अधिकार छैन र स्रोतहरु कम छन्। | |
| P १.३ | एकीकरण | ● के उत्थानशीलतालाई सहरका अन्य प्रमुख भूमिकाहरु र निकायहरुसँग राम्ररी एकीकृत गरिएको छ ? (जस्तै, योजना, समुदाय संलग्नता, आपतकालीन व्यवस्थापन, संहिता पालना, पूर्वाधार व्यवस्थापन, सञ्चार आदि) | ३. निर्णय लिने प्रक्रियाहरुमा उत्थानशीलको लागि स्पष्ट वा अर्ध स्पष्ट निर्णयको साथै सबै आवश्यक भूमिकाको क्षेत्रहरुमा सबै नीति र बजेट प्रस्तावहरु भएको।<br>२. कुनै औपचारिक प्रक्रिया छैन तर प्रकोप उत्थानशीलताका लाभहरु आवश्यक क्षेत्रहरुमा प्रस्तावको लागि "सहयोगी" मानिन्छ।<br>१. कहिलेकाँहि वा तदर्थ लागू हुने।<br>०. लागू नहुने। | ● के विपद् उत्थानशीलताले दैनिक निर्णय लिने अनि बजेटको लागि छुट्टै मुद्दाको रूपमा लिइन्छ ? |

टीपोटहरु

आवश्यकता
# ०२

## वर्तमान र भविष्यको जोखिम पृष्ठभूमिको पहिचान, बुझाई र प्रतिकार्य

## आवश्यकता ०२
# वर्तमान र भविष्यको जोखिम पृष्ठभूमिको पहिचान, बुझाई र प्रतिकार्य

- स्थानीय सरकारहरुलाई तिनीहरुको जोखिमको पृष्ठभूमिको पहिचान र जानकारी हुनुपर्छ र स्थानीय जोखिम सम्बन्धी निर्माण गर्न प्राप्त भएका अनुभवहरुलाई प्रयोग गर्नुपर्छ।
- जोखिम अवस्थाहरुले कम्तिमा "सबैभन्दा संभावित" र "सबैभन्दा गम्भीर" ("सबैभन्दा खराब परिस्थिति") अवस्थाहरुमा खतराहरु, सम्मुखता र संकटासन्नता पहिचान गर्नुपर्दछ। यसको निम्ति तल उल्लेखित विषयमा विशेष ध्यान दिनुपर्छ।
- सहरीकरण र जलवायु परिवर्तन जस्ता कारकहरुको प्रभावलाई ध्यान राख्दै समयसँगै कसरी खतराहरु परिवर्तन हुन सक्छन।
- धेरै खतराहरु कसरी संयोजन हुन सक्छ, र कसरी दोहोरिएको स-साना स्तरको प्रकोप घटनाहरु (यदि त्यहाँ उस्तै प्रकृतिको जोखिम छ भने) समयसँगै प्रभावशाली हुन सक्छ।
- भौगोलिक क्षेत्रको सम्मुखता र भौगोलिक प्रभाव।
- जनसंख्या खण्ड, समुदाय र सम्मुखता आवास।
- आर्थिक सम्पत्ति र गतिविधिहरुको सम्मुखता।
- संवेदनशील पूर्वाधार सम्पत्तिहरुको सम्मुखता, एक सेवा प्रदायक प्रणालीबाट अर्कोमा स्थानान्तरण हुने क्रममा हानी हुँदा जोखिम परिणाम (उदाहरणको लागि विद्युतमा हानी हुँदा पानीको पम्प चल्न बन्द हुन्छ, अस्पतालको प्रणाली बन्द हुन्छ)।
- जुन बेला घटना घट्छ, सोही समयमा प्रतिक्रियाको आवश्यकता हुन्छ।
- सम्मुखता नक्साको सृजना र प्रकाशन माथि उल्लेखित विवरण अनुसार छ।

**आवश्यक पृष्ठभूमिहरु :-**

१. वर्तमान र भविष्यको निम्ति लगानी गर्नको निम्ति निर्णयहरुमा सहयोग।

२. जातिय र सामाजिक समूहहरु सहित सहभागिताको आधारमा सरोकारवालाहरुको विस्तृत सल्लाह सुझाव प्राप्त गर्ने।

३. ताजगीपनमा निरन्तरता।

४. व्यापक प्रचार-प्रसार र प्रस्तावहरु निर्णय गराई, प्रतिक्रिया र पुनर्लाभ योजनाहरुको अद्यावधिकको लागि प्रयोग गर्ने।

***नोट : स्कोरकार्डमा प्रत्येक अवस्थाको खतराहरुलाई सम्बोधन गर्ने कार्यहरु समावेश छन्।***

**तपाईंले स्कोरकार्डको यो खण्ड पूरा गर्न आवश्यक पर्ने तथ्याङ्कमा समावेश हुनेछः** जोखिम, जोखिम र कमजोरीहरूको दस्तावेजीकरण; यी बीचको आलोचनात्मक आवेदक र निर्भरताहरूको पहिचान

प्रारम्भिक मूल्याङ्कन

| क्र.स. | विषय/मुद्दा | प्रश्न/ मुल्याङ्कन क्षेत्र | सूचक मापन तह | टिप्पणीहरु |
|---|---|---|---|---|
| P २.१ | जोखिम मूल्याङ्कन | के सहरलाई सहरले सामना गर्ने मुख्य खतराहरु र तिनीहरुको घटनाको सम्भावित आँकलन बारेमा जानकारी छ ? | ३. सहरले मुख्य खतराहरु बुझ्छ । जोखिम तथ्याङ्कहरु समय अनुसार अद्यावधिक गराइन्छ ।<br>२. सहरले मुख्य खतराहरु बुझ्दछ तर ती सूचनाहरू अद्यावधिक गर्ने कुनै सहमति योजनाहरु छैन ।<br>१. अधिकाशं मुख्य जोखिमहरुमा तथ्याङ्कहरु अव्यवस्थित छ ।<br>०. जोखिमहरु राम्ररी बुझिएको छैन । | ● UNDRR द्रुत जोखिम अनुमान उपकरण QRE को प्रयोगले यी मापदण्डहरु विरुद्ध मूल्याङ्कनलाई समर्थन गर्न सक्छ । प्रत्येक खतराको लागि न्यूनतम सबै संभावित र गम्भीर परिणामहरुको रूपमा पहिचान गर्न आवश्यक छ । |
| P २.२ | भौतिक पूर्वाधार जोखिमको साझा बुझाई | के सहर र विभिन्न सेवा प्रदायक, अन्य विभिन्न तहको तनाव र सहरस्तरको जोखिमको बारेमा साझा बुझाई छ ? जसमा विद्युत, पानी, सडक र रेल नगर स्तरको जोखिम प्रणालीमा तनाव आदिको व्यवस्थापन गर्न भूमिका खेल्ने बारेमा सहर र विभिन्न सेवा प्रदायक संस्थाहरु र अन्य विभिन्न निकाय र संघीय एजेन्सीहरु बीचमा जोखिमको साझा बुझाइ छ ? | ३. सहर र विभिन्न सेवा प्रदायकबीच जोखिमको साझा बुझाई छ । प्रणलीभित्र तनाव र अन्तरनिर्भरताका सहरको तहमा जोखिमहरु पहिचान गरिएको छ ।<br>२. सहर र विभिन्न सेवा प्रदायकबीच केही जोखिम जानकारीको केही साझेदारी र तनावका तह/स्तरहरुमा केही सहमति छ ।<br>१. व्यक्तिगत प्रणाली जोखिमहरुको ज्ञान छ तर तिनिहरुलाई साझा वा आंशिक प्रभावहरु बुझ्नका लागि कुनै फोरम (मञ्च) छैन ।<br>०. व्यक्तिगत प्रणालीहरुको स्तरमा पनि जोखिमहरुलाई बुझ्न महत्वपूर्ण अन्तरहरु छन् । (जस्तै : विद्युत, जल र यातायात) | ● के त्यहाँ कुनै संस्थाहरु / फोरम छ ? जसले पूर्वाधार र परिचालन उत्थानशीलता मुद्दाहरुको समीक्षा गर्छ ? के नगरहरुसँग सबै महत्वपूर्ण पूर्वाधारहरुको विस्तृत सूची नक्सा छ ? के सहरले महत्वपूर्ण पूर्वाधारको मर्मत र उत्थानशीलता स्तरोन्नतीमा पर्याप्त लगानी गरिरहेको छ ? यो मापदण्डले सबै सार्वजनिक र निजी सेवा प्रदायकलाई विचार गर्नु पर्छ, साथै यसलाई विस्तार गर्न सकिन्छ । उदाहरणका लागि ट्रेकिङ्ग कम्पनीहरु, इन्धन आपूर्तीकर्ताहरु, कार्गो एयरलाईन्सहरु, युनियनहरु आदी) पूर्वाधार आवश्यकता नं (८) मा विवरण समावेश छ । |

| क्र.स. | विषय/मुद्दा | प्रश्न/ मुल्याङ्कन क्षेत्र | सूचक मापन तह | टिप्पणीहरु |
|---|---|---|---|---|
| P २.३ | सम्मुखता र सङ्कटासन्नताको ज्ञान | के त्यहाँ सहर-व्यापी सम्मुखता र सङ्कटासन्नतालाई प्रत्येक जोखिम वा जोखिमको समूहहरुबाट (माथि हेर्नुहोस्) व्यवस्था गर्ने सहमति गरिएको अवस्थाहरु छन् ? | ३. सम्बन्धित पृष्ठभूमिको जानकारी, समर्थन अभिलेख सहित विपद् अवस्थाहरुको एक विस्तृत संस्था/ समूह उपलब्ध छ । यो अद्यावधिक गरिएको छ ।<br>२. प्रकोप अवस्थाहरुमा विस्तृत संस्था /समूह उपलब्ध छ । यी अवस्थाहरुको प्रयोगलाई समर्थन गर्न कुनै पृष्ठभूमि जानकारी वा समर्थन अभिलेख विद्यमान छैन ।<br>१. केही विपद् विवरण जानकारी उपलब्ध छ ।<br>०. विपद् विवरण जानकारी उपलब्ध छैन । | ● अवस्थाहरु सहरभरी खतराको कुल प्रभावको क्रमबद्ध विवरण हो ।<br><br>***नोट: UNDRR को QRE प्रयोगले यी मापदण्डहरु विरुद्ध मूल्याङ्कनलाई समर्थन गर्न सक्छ ।*** |
| P २.४ | आकस्मिक प्रभावहरु | के विभिन्न अवस्थाहरुमा, विभिन्न सहर र भौतिक पूर्वाधारको प्रणालीहरुबीच हुन सक्ने अन्तरसम्बन्धित समस्याहरुको बारेमा जनकारी छ ? | ३. धेरै प्रकोप अवस्थाहरुमा अन्तरसम्बन्धित प्रभावहरुको अपेक्षाकृत पूर्ण / साझा बुझाई ।<br>२. केही प्रकोप अवस्थाहरुमा आकस्मिक प्रभावहरुको अपेक्षाकृत पूर्ण / सामूहिक ज्ञान ।<br>१. केही प्रकोप अवस्थाहरुमा आकस्मिक प्रभावहरुको केही बुझाई ।<br>०. आकस्मिक प्रभावहरुको स्पष्ट ज्ञान छैन । | ● विभिन्न तत्वहरुबीचको विफलताको साङलाहरु (उदाहरणका लागि जहाँ उर्जा प्रणालीको विफलताले पानीको नियमितता लाई असर गर्दछ) एक महत्वपूर्ण जोखिम हुन सक्छ र विशेष रुपले पहिचान नगरेसम्म लुकेको हुन सक्छ र यसरी प्रतिकार्य गर्दा अप्रिय झट्काको रूपमा प्रकोप आउँदछ । |
| P २.५ | जोखिम जानकारीको लागि प्रस्तुतीकरण र अद्यावधिक प्रक्रिया | के जोखिमको प्रष्ट नक्सा र जोखिमको विद्यमान तथ्याङ्क छ ? के यो सबै नियमित रुपमा अद्यावधिक छन् ? | ३. धेरै जसो खतराहरुको लागि उच्च गुणस्तरको जोखिमको विद्यमान नक्साहरु छन्, र नियमित रूपमा सबै अद्यावधिक गरिएका छन् ।<br>२. जोखिमको विद्यमान नक्साहरु छन्, धेरै जोखिमका योजनाहरुको अद्यावधिक जानकारी छैन ।<br>१. केही जोखिमहरुका लागि जोखिम नक्साहरु विद्यमान छन् ।<br>०. कुनै जोखिम नक्सा विद्यमान छैन । | ● परिवर्तीत सहरको विस्तार र जोखिमका दृष्टीकोणहरुका लागि पर्याप्त रूपमा नियमित हुनका लागि अद्यावधिकहरु न्यूनतम रूपमा आवश्यक छन् । धेरै देशहरुले प्रत्येक ५ बर्षमा अद्यावधिक गर्ने लक्ष्य राख्छन् र यो प्राप्त हुने संभावना छैन । |

आवश्यकता

# ०३

## उत्थानशीलताको लागि वित्तिय क्षमताको अभिबृद्धि गर्ने

## आवश्यकता नं. ०३
## उत्थानशीलताको लागि वित्तीय क्षमताको अभिबृद्धि गर्ने

**विपद्को आर्थिक प्रभाव र उत्थानशीलतामा लगानीको आवश्यकताको बारेमा बुझाई, उत्थानशील गतिविधिहरुमा सहयोग हुन सक्ने वित्तिय संयन्त्रहरुको पहिचान र विकास।**

**प्रमुख हुन सक्ने कार्यहरु :-**

- प्रत्यक्ष – अप्रत्यक्ष प्रकोपहरुको महत्वपूर्ण लगानीको बारेमा बुझ्ने र समीक्षा गर्ने। (विगतका अनुभवद्वारा प्राप्त गरिएको र भविष्यको जोखिमलाई ध्यानमा राखेर) पुनर्लाभको लागि धेरै लगानी गर्नु भन्दा रोकथामको लगानीमा अभिबृद्धि गर्ने।
- उत्थानशीलता सुधार गर्न आवश्यक देखिएका कुनै पनि ठूला आयोजनाहरुको निम्ति अतिरिक्त पूँजी, बजेट सम्बन्धी परामर्श गर्ने।
- जोखिम व्यवस्थापन बजेट विनियोजन सहित, उत्थानशीलतालाई क्रमश: सञ्चालन र परिचालन व्यवस्थित बनाउन।
- सबै योजना, अनुमति र पूँजीगत खर्च, विपद् जोखिम स्तर र प्रभावहरुको समीक्षा गर्ने र यहि अनुसार समायोजन गर्ने।
- विपन्न घर, परिवार, समुदाय, व्यवसायहरु र सार्वजनिक क्षेत्रहरुलाई विपद् जोखिमको सामना कम गर्न अनुदानको कार्यक्रम गर्ने।

(जस्तै : व्यापारको निरन्तरता योजना, अवकाश र संरचनाहरुको स्तरोन्नती)

- जीवन, जीविकोपार्जन, सहर नीजि सम्पत्तिहरुका लागि बिमा व्यवस्थापन ( आवश्यक भएमा कृषि उत्पादनमा) लागू गर्ने।
- विशेष प्रकारका कार्यक्रमहरु सञ्चालन गर्न र वित्तीय संयन्त्रहरुलाई सक्षम बनाउन।

**तपाईंले स्कोरकार्डको यो खण्ड पूरा गर्न आवश्यक पर्ने तथ्याङ्क:** बजेट र पूँजी योजनाको दस्तावेजीकरण वित्तीय योजनाहरूको कुनै प्रोत्साहन (उदाहरणका लागि, भूकम्पीय स्तरवृद्धिका लागि ऋण) प्रकोप प्रतिरोधात्मक प्रभावको साथ, प्रत्येक सहरी क्षेत्रहरुको तथ्याङ्क सहित, बिमा समावेश तथ्याङ्कहरु सामेल हुनेछ।

## प्रारम्भिक मूल्याङ्कन

| क्र.स. | विषय/मुद्दा | प्रश्न/ मुल्याङ्कन क्षेत्र | सूचक मापन तह | टिप्पणीहरु |
|---|---|---|---|---|
| P ३.१ | सहरमा नयाँ लगानी आकर्षित गर्ने वातावरणको निर्माण | सहर/ मुख्य एजेन्सीहरुलाई कोषका सबै स्रोतहरु थाहा छ । उत्थानशीलताको लाभहरुसँग अन्तरसम्बन्धित छ । अन्य कोषहरुको बारेमा जानकार छन्। मुख्य उत्थानशीलता लगानीहरुको लागि सक्रिय रुपमा कोषहरुको अवलम्बन गरिएको छन्। | ३. सहरले विपद् जोखिम न्यूनीकरण गतिविधिका लागि कोष सुरक्षित गर्ने सबै मार्गहरु बुझ्दछ, सक्रिय रूपमा तिनिहरुको दायरालाई अवलम्बन गर्दै केही सफलता पाएको छ।<br>२. सहरले विपद् जोखिम न्यूनीकरणको लागि कोष सुरक्षित गर्न धेरै मार्गहरुको बारेमा सचेत छ र सक्रिय रुपले ती मध्ये केही दायराहरुमा मात्र सक्रिय छ।<br>१. केही कोषहरु देखिन्छ तर अपूर्ण छ, भएका कोषबाट पनि थोरै लगानी गरिएको छ।<br>०. विपद् जोखिम न्यूनीकरणको लागि कोषको बारेमा थोरै बुझाइ र गराई छ। | • भाडामा दिने<br>• सरकारी अनुदान<br>• सामाजिक प्रभाव र उत्थानशीलता<br>• बैंक र सहायता संस्थाहरु<br>• बिमा र साझेदार संस्था<br>• उत्थानशीलताका निम्ति काम गर्ने संस्थाहरु<br>• सामूहीक कोष<br>• विकास कोष<br>• सार्वजनिक नीजि साझेदारी<br>• कर र थप भार |
| P ३.२ | आकस्मिमक कोष सहित वित्तिय योजना र उत्थानशीलताको लागि बजेट | के सहरको स्थानीय विपद् जोखिम न्यूनीकरण (अल्पीकरण, रोकथाम, प्रतिकार्य र पुनर्लाभ) को लागि विशेष (Ring Fenced) सुरक्षित बजेट, आवश्यक स्रोत र आकस्मिक कोषको व्यवस्था छ ? | ३. विपद् जोखिम न्यूनीकरणकव लागि सहरको वित्तीय योजना व्यापक छ, विशेष बजेटहरुको पनि व्यवस्थापन गर्नुका साथै आकस्मिक योजनाहरु पनि छन्।<br>२. सहरको विपद् जोखिम न्यूनीकरण गतिविधिहरुको लागि वित्तीय योजना बनाएको छ , विशेष बजेटलाई विशिष्टिकृत गरिएको छ।<br>१. केही संगठन र संस्थाहरुको योजनाहरु छन् तर समन्वय छैन।<br>०. स्पष्ट योजना छैन। | • यहाँ बजेटको उपस्थिति र आकार दुवैको समीक्षा गर्न महत्व छ अन्यथा कोषहरुको प्रयोग अन्य क्षेत्रहरुमा हुन सक्छ। |

| क्र.स. | विषय/मुद्दा | प्रश्न/ मुल्याङ्कन क्षेत्र | सूचक मापन तह | टिप्पणीहरु |
|---|---|---|---|---|
| P ३.३ | बिमा | सहरमा कुन तहसम्मको बिमा विद्यमान रहेको छ, सबै क्षेत्रहरु- व्यवसाय र समुदायमासम्म बिमाको पहुँच रहेको छ ? | ३. सबै क्षेत्रहरु र सेवाहरुमा बिमा सेवाहरुको उच्च बुझाई छ।<br>२. बिमाको तह क्षेत्र वा ईलाकाअनुसार फरक छ। सहरको सबै क्षेत्रहरुमा बिमा गर्नलाई सक्रिय छ।<br>१. बिमाको स्तर ईलाका वा क्षेत्र अनुसार फरक हुन्छ, सहरले सक्रिय रूपमा बिमा सेवाहरुको बढी उपयोग तथा प्रवर्धन गरिरहेको छैन।<br>०. सहरमा कम वा कुनै बिमा समावेश छैन। | • यो मूल्याङ्कनले पर्याप्त वा समावेश (के बिमाले पर्याप्त भूक्तानी गर्छ ?) र समावेशको परिधि (के पर्याप्त व्यक्ति र व्यवसायहरुको बिमा भएका छन् ?) दुवैलाई समेट्दछ।<br>• बिमाको तहहरु घरेलु आवास, सामाग्री, व्यक्तिगत सामाग्री र व्यक्तिगत मालसामान (जस्तै: कार बिमा, व्यवसायिक र सार्वजनिक पूर्वाधार यसमा व्यक्तिगत स्वास्थ्य बिमा समावेश छैन।) |
| P ३.४ | प्रोत्साहन | के उत्थानशीलता निर्माण सहयोगार्थ विभिन्न क्षेत्रहरु अथवा व्यवसाय र समुदायहरुको लागि प्रोत्साहन रहेको छ ? | ३. उत्थानशीलता बढाउन सबै क्षेत्रहरुमा प्रोत्साहनहरुको सीमा रहेको छ र यसको जानकारी प्राप्त भएको आवश्यकताहरु पुरा गर्छन्।<br>२. उत्थानशीलता बढाउन सबै क्षेत्रहरुमा प्रोत्साहनहरु निर्धारण छ, तर त्यहाँ ज्ञात समस्या/ अवसरहरु छन्।<br>१. केही प्रोत्साहन छन् तर टालटुले मात्र छन्।<br>०. केही छैन। | • |

आवश्यकता

# ०४

## उत्थानशील सहरी विकास अवलम्बन गर्ने

**आवश्यकता नं. ४**

**उत्थानशील शहरी बिकास अवलम्बन गर्ने**

**निर्माण गरिएको वातावरणको मूल्याङ्कन गरी लागू हुने अनुसार लचिलो बनाउन आवश्यक छ।**

आवश्यकता नं. २ अवस्था र जोखिम नक्साहरुको निर्माण, यसमा समावेश हुनेछ।

- उत्थानशीलताका समस्याहरु बढाउनबाट बच्नका लागि भू-बर्गीकरण र शहरी बृद्धिको व्यवस्थापन, निम्न आय भएका समूहहरुले कसरी उपयुक्त भूमिमा पहूँच पुऱ्याउन सक्छन् भन्ने कुरालाई ध्यानमा राखेर भविष्यको निम्ति विकास गर्न उपयुक्त भूमिको पहिचान गर्न सकिन्छ।
- नवीन वा विद्यमान / परम्परागत प्रविधिहरु प्रयोग हुने गरी, नयाँ भवन, छिमेकी र पूर्वाधारहरुमा जोखिम सचेतना योजना, डिजाइन र कार्यान्वयन लागू गर्ने।
- पानी, ढल निकास र सरसफाई जस्ता आधारभूत पूर्वाधारको निर्माण गर्ने, जुन अनौपचारिक बस्तीहरुको रुपमा रहेका छन्।
- उपयुक्त भवन संहिताको विकास र कार्यान्वयन र सम्भावित जोखिमहरु र यसको उत्थनशीलताको विद्यमान संरचनाहरुको समीक्षा, रोकथाम उपायहरुको उपयुक्त प्रवलीकरण गर्ने।
- शहरी डिजाइनको समाधानहरु (जस्तै प्रतिरोधात्मक भूमि, जग्गा, हरियाली क्षेत्रहरु, अन्तरक्रिया, पानी अवधारणा क्षेत्र, भेन्टिलेसन, कोरिडोरहरु आदि)को अधिकतम प्रयोगले जोखिमहरु सामना गर्न सक्छ र ढल प्रणाली, पर्खाल आदि जस्ता प्राविधिक पूर्वाधारहरुमा निर्भरता कम गर्दछ।
- शहरी विकास सम्बन्धी निर्णय गर्दा प्रभावित सरोकारवालाहरुलाई उचित र समावेशी सहभागी गराई निर्णय प्रक्रियामा समावेश गर्ने।
- नयाँ डिजाइनको विकास गर्दा अनुकरणीय दिगो डिजाइनको सिद्धान्तहरु समावेश गर्दै, संभव भए सम्म अन्य विद्यमान मापदण्डहरु (BREEAM, LEED, Greenstar) आदिलाई पनि जोड्ने।
- जोखिमहरुका तथ्याङ्क र प्रमाणहरु परिवर्तन गर्नका लागि नियमित रुपमा वा अद्यावधिक रुपमा भवन मापदण्ड र नियमावलीहरु अद्यावधिक गर्ने।

**तपाईंले स्कोरकार्डको यो खण्ड पूरा गर्न आवश्यक पर्ने तथ्याङ्कमा समावेश हुनेछः** भूमिको प्रयोग, जनसंख्या, आय स्तर र सहरको खण्ड अनुसार आर्थिक गतिविधि; र सान्दर्भिक भवन कोडहरू र तिनीहरूको आवेदन सम्पत्ति-दर-सम्पत्ति आधारमा

## प्रारम्भिक मूल्याङ्कन

| क्र.स. | विषय/मुद्दा | प्रश्न/ मुल्याङ्कन क्षेत्र | सूचक मापन तह | टिप्पणीहरु |
|---|---|---|---|---|
| P ४.१ | भू-उपयोग क्षेत्र | आर्थिक गतिविधि, कृषि उत्पादन र जनसंख्याको केन्द्रहरुमा प्रमुख जोखिमको अवस्थाबाट पर्न सक्ने प्रभावलाई ध्यानमा राखेर सहरलाई उचित तरिकाले भू-वर्गीकरण गरिएको छ ? | ३. सहरलाई जमिनको प्रयोग अनुसार क्षेत्र विभाजन गरिएको छ, र यसले जोखिम र जोखिम नक्साङ्कन सँग राम्रोसँग जोडीएको छ । (आवश्यकता नं. २) भू-वर्गीकरण अनुसार आवधिक रुपमा अद्यावधिक गरिएको छ ।<br>२. सहरलाई भू-उपयोग अनुसार क्षेत्र विभाजन गरिएको छ र यसले जोखिम नक्साङ्कनसँग खकुलो रुपमा जोडिएको छ । (आवश्यकता नं. २) यो क्षेत्र बर्गीकरणलाई अद्यावधिक गर्ने योजनाहरुको बारेमा राम्ररी बुझिएको छैन ।<br>१. भू-उपयोग बर्गीकरण पूर्ण छैन र खतरा जोखिम विरुद्ध नियमित समिक्षा गरिएको छैन ।<br>०. कुनै ज्ञान/ स्पष्ट भू-उपयोग बर्गीकरण छैन । | • घर ध्वस्त वा बसोवास गर्न योग्य नभएको वा बसोबास गर्न नसक्ने ठाउँमा रहेको क्षेत्रको परिणामस्वरुप ३ महिना वा सो भन्दा बढी समयसम्म विस्थापन ।<br>• यो मूल्याङ्कनले अनौपचारिक र विनायोजना बस्तीहरुलाई पनि समेट्न आवश्यक छ ।<br>• भू-उपयोगको प्रभावकारीता प्राथमिकताको आधारमा स्वतन्त्र हुनुपर्छ । |
| P ४.२ | नयाँ शहरी विकास | के उत्थानशीलता प्रवर्धन गर्न नयाँ शहरी विकासको डिजाइन र विकासको माध्यमबाट प्रवर्धन गर्ने उपायहरु छन् ? | ३. सहर तहमा स्पष्ट नीति छ । व्यवसायीहरुको क्षेत्र (जस्तै: बास्तुविद्, प्राविधिक, इन्जिनियरहरु आदि) को लागि मार्गदर्शन तयार गरिएको छ ।<br>२. नीति छ तर समर्थन मार्गदर्शन अपर्याप्त छ ।<br>१. उत्थानशीलताको दृष्ट्रिकोणलाई बढावा दिइन्छ तर सुसंगत रुपमा होइन, र सहर नीतिद्वारा निहित छैन ।<br>०. थोरै/नयाँ शहरी विकासमा उत्थानशीलताको प्रवर्धनमा । | • के त्यहाँ नयाँ विकासमा भौतिक साधनहरुलाई प्रवर्धन गर्ने नीति छ, जसले १ वा धेरै खतराहरुमा उत्थानशीलता बढाउन उदाहरणको लागि, नयाँ विकासका लागि उपयुक्त स्थानहरु जल संवेदनशील शहरी डिजाइन, प्रकोप क्षेत्रहरुको उचित एकीकरण, उचित पहुँच र निकासा हुने मार्गहरु (सडक चौडाइहरु आदी) |
| P ४.३ | भवन संहिता र मापदण्डहरु | के भवन संहिता वा मापदण्डहरु रहेका छन्, र के तिनीहरुले जानेको खतराहरु र जोखिमहरुलाई तोकेर | ३. स्थानीय संहिता र मापदण्डहरु छन् र यी सबै सहर जोखिमहरु नियमित रुपमा अद्यावधिक छन् । | • यसलाई अनिवार्य संहिताहरु (नियमहरु) स्वेच्छिक मापदण्डहरु (जस्तै: BREEAM, |

| क्र.स. | विषय/मुद्दा | प्रश्न/ मुल्याङ्कन क्षेत्र | सूचक मापन तह | टिप्पणीहरु |
| --- | --- | --- | --- | --- |
| | | सम्बोधन गर्छन् ? के यी मापदण्डहरु नियमित रुपमा अद्यावधिक छन् ? | २. स्थानीय संहिता र मापदण्डहरु विद्यमान छन्, यसले मुख्य सहर जोखिमहरु सम्बोधन गर्छ र नियमित रुपमा अद्यावधिक छन्।<br>१. केही संहिता रहेका छन्, संहिता अद्यावधिक गर्ने कुनै स्पष्ट योजना छैन।<br>०. सान्दर्भिक भवन संहिता र मापदण्डहरुको वास्तविक प्रयोग र अस्तित्व छैन। | LEED, GREEN STAR, REDi) लाई बुझाउन सकिन्छ र प्रयोगमा रहेका कोर्डहरुले वास्तविक पहिचान गरिएका खतराहरु प्रति उत्थानशीलतामा सुधार गर्छ भनि प्रचार गरिन्छ। |
| P ४.४ | भू-बर्गीकरण, भवन संहिता र मापदण्डहरुको प्रयोग | के भू-बर्गीकरण भवन संहिताहरु र मापदण्डहरु बृहत रुपमा लागू, प्रचलन र प्रमाणित गरिएका छन् ? | ३. भू-उपयोग क्षेत्र र भवन संहिताहरु १०० प्रतिशत लागू गरिएका छन्।<br>२. भू-उपयोग क्षेत्र र भवन संहिताहरु ५०% भन्दा बढी लागू र प्रमाणित छन्।<br>१. भू-उपयोग क्षेत्रहरु र भवन संहिताहरुको केही आवेदन आशिंक / असंगत छन्।<br>०. भू-उपयोग क्षेत्र बर्गीकरण र भवन संहिता लागू गर्न कुनै वास्तविक ध्यान छैन। | • भू-उपयोग क्षेत्र प्रमाणिकरणलाई कुनै पनि दिइएको क्षेत्रमा सोही प्रकृतिको गतिविधि भइरहेको छ भन्ने प्रमाण चाहिन्छ।<br>• संहिता प्रमाणीकरणले सामान्यतया डिजाइन र निर्माण टोलीको बाहिरी व्यक्तिहरुद्वारा तेस्रो पक्षको पहुँचलाई जनाउँछ।<br>• अनौपचारिक बसोबास भएका सहरहरुले यस मूल्याङ्कनमा उच्च अंक पाउने संभावना छैन, जव ती बस्तीहरुमा बसोबास गर्नेहरुले आफूलाई थप उत्थानशील बनाउन मद्दत गर्दैन। |

आवश्यकता

# ०५

प्राकृतिक पारिस्थितिकीय प्रणालीद्वारा उपलब्ध हुने संरक्षित कार्यहरुको अभिवृद्धिको लागि प्राकृतिक क्षेहरु (विशेष) को सुरक्षा गर्ने

**आवश्यकता नं. ५**

**प्राकृतिक पारिस्थितिकीय प्रणालीद्वारा उपलब्ध हुने संरक्षित कार्यहरुको अभिवृद्धिको लागि प्राकृतिक क्षेत्रहरु (विशेष) को सुरक्षा गर्ने**

**प्राकृतिक पारिस्थितिकीय प्रणाली द्वारा उपलब्ध हुने सुरक्षात्मक क्रियाकलापहरुलाई सुदृढ गर्न प्राकृतिक संरक्षित क्षेत्रहरुको रक्षा गर्ने ।**

- प्राकृतिक पारिस्थितिकीय प्रणालीद्वारा उपलब्ध हुने सुरक्षात्मक कार्यहरु सुदृढ गर्न प्राकृतिक संरक्षित क्षेत्रहरुको सुरक्षा गर्ने । विपद् उत्थानशीलतामा फइदा पुऱ्याउने महत्वपूर्ण पर्यावरणीय सेवाहरुको पहिचान रक्षा र निगरानी गर्ने ।
- पारिस्थितिकीय प्रणालीसँग सम्बन्धित सेवाहरु उपलब्ध हुन सक्छन्, तर सिमित छैनन् : जल प्रतिधारण अथवा जल अनुप्रवेश, वृक्षारोपण, सहरी वनस्पति, बाढीको सतह, वालुवाको थुप्रो, गेग्रिन र अन्य तटीय वनस्पति र परागकण/ सहरको उत्थानशीलतासँग सम्बन्धित र धैरै पारिस्थितिकीय प्रणालीका सेवाहरु यसको भौगोलिक क्षेत्र भन्दा बाहिर राम्रोसँग उपलब्ध गराउन सकिन्छ ।

**आवश्यकतामा समावेश भएका :**

- सहरको लागि जोखिम न्यूनीकरण रणनीतिहरु मागको रुपमा प्रकोप जोखिम रोकथाम वा संरक्षण र तिनिहरुलाई बृद्धि गर्न । पारिस्थितिकीय प्रणालीका सेवाहरुबाट मूल्य र फाइदाहरु पहिचान गर्न,
- सहरको ग्रामीण इलाका, जलाधार क्षेत्र र फराकिलो क्षेत्रहरुमा प्रकृतिक संरक्षणहरु पनि विचार गर्दै र त्यहाँका सहरपालिकाहरुले सहकार्य गरी संरक्षित क्षेत्रको संरक्षण गर्न भू-उपयोग योजनाको क्षेत्रिय दृष्ट्रिकोण स्थापना गर्न ।
- जलवायु प्रवृत्ति र सहरीकरणबाट हुने परिवर्तनहरु अनुमान गर्दै र Green and Blue पूर्वाधारहरुद्वारा आवश्यकता अनुसार परिस्कृत गरी यिनीहरुलाई सामना गर्न प्राकृतिक पारिस्थितिकीय सेवाहरुलाई सक्षम बनाउने ।
- सहरलाई फाइदा पुऱ्याउने पारिस्थितिकीय प्रणाली सेवाहरु धैरै टाढा हुन सक्छन् । (उदाहरणको लागि माथिल्लो भागको वनले तल्लो भागमा भएको सहरमा पानी बग्ने समस्याहरुको व्यवस्थापन गर्न सक्छ ।) पारिस्थितिकीय प्रणालीको पहिचान नहुन सक्छ वा शंका पनि हुन सक्छ, यसको पहिचान गर्न बाह्य विज्ञ विशेषज्ञको आवश्यकता पर्न सक्छ । पारिस्थितिकीय सेवाहरु जसले सामान्यीकृत, ग्राह्य लाभ (उदाहरणको लागि, ध्रुवीय आइसक्याप्स) समावेश गराईदैन ।

**तपाईंले स्कोरकार्डको यो खण्ड पूरा गर्न आवश्यक पर्ने तथ्याङ्कमा समावेश हुनेछः** लागू सूचकहरू द्वारा मापन गरिएको भू-उपयोग र क्षेत्रगत कागजात, सान्दर्भिक पारिस्थितिकीय प्रणालीको हद र स्वास्थ्यको तथ्याङ्क सहित ।

## प्रारम्भिक मूल्याङ्कन

| क्र.स. | विषय/मुद्दा | प्रश्न/ मुल्याङ्कन/ क्षेत्र | सूचक मापन तह | टिप्पणीहरु |
|---|---|---|---|---|
| P ५.१ | पारिस्थितिक प्रणालीजन्य लाभहरु /कार्यहरुको सचेतना र बुझाई | प्राकृतिक सम्पत्तिको बारेमा सचेतना मात्र होइन, के सहरले प्राकृतिक सम्पत्तिले सहरलाई प्रदान गर्ने कार्यहरु (वा सेवाहरु) बुझ्छ ? | ३. सहर र प्रमुख सरोकारवालाहरु पारिस्थितिक प्रणाली सेवा शब्दसँग परिचित छन्, र मुख्य स्थानीय प्राकृतिक सम्पत्तिहरुद्वारा उपलब्ध भएका सबै कार्यहरु बुझ्छन् र आर्थिक मूल्य बुझ्छन्।<br>२. सहर र मुख्य सरोकारवालाहरुले मूख्य स्थानीय प्राकृतिक सम्पत्तिहरुद्वारा उपलब्ध भएका आधिकाशं कार्यहरु बुझ्छन्, यी आर्थिक रुपमा मूल्यवान छैनन्।<br>१. सहरका प्राकृतिक सम्पत्तिहरुद्वारा प्रदान कार्यहरुकव बारेमा सचेतना र ज्ञान अपूर्ण छ।<br>०. सहरमा यस विषय क्षेत्रमा धेरै कम ज्ञान र चेतना पनि छैन। | ● पारिस्थितिक प्रणाली कार्यहरु समावेश छन् : खानेपानी, खाद्य, इन्धन, हावा, कार्वन उन्मूलन, परागण आदि। |
| P ५.२ | सहरको नीति र आयोजनाहरुमा Green and Blue Infrastructure (GBI) को एकीकरण | ठूला शहरी विकास र पूर्वाधार आयोजनामा Green and Blue पूर्वाधारहरुलाई नीतिमार्फत प्रवर्धन गरिएको छ ? | ३. शहरी विकास पूर्वाधार परियोजनाहरुमा नीति र सहरमा सहयोगी मार्गदर्शन सामाग्रीहरुको माध्यमबाट Green and Blue पूर्वाधारहरुको प्रवर्धन गर्दै गएको छ।<br>२. नीति मार्फत Green and Blue पूर्वाधार प्रवर्धन गर्दै गएको छ, तर त्यहाँ व्यवसायहरुको लागि थोरै सहयोगी मार्गदर्शन छ।<br>१. केही Green and Blue पूर्वाधार प्रवर्धन गर्दै गएको छ, तर यो विश्वव्यापी छैन र नीतिद्वारा समर्थित छैन। | ● हरित पूर्वाधारमा समावेश (हरित सडक, चोक र सडक किनारहरु, हरियो छाना, शहरी कृषि विकास, हरियो सहरको कोरीडोरहरुको सृजना, प्राकृतिक पानीको निर्मलीकरण, शहरी नदीहरु) Blue भन्नाले नदीको कोरीडोरहरु, सीमसार वा अन्य जलाधारहरु। |

| क्र.स. | विषय/मुद्दा | प्रश्न/ मुल्याङ्कन/ क्षेत्र | सूचक मापन तह | टिप्पणीहरु |
| --- | --- | --- | --- | --- |
| | | | ०. नयाँ शहरी विकास वा पूर्वाधार परियोजनाहरुमा हरित पूर्वाधारलाई प्रवर्धन गर्न थोरै पा कुनै सक्रिय दवाव छैन । | |
| P ५.३ | सीमावर्ती वातावरण मुद्दाहरु | के सहरलाई यसको प्रशासनिक सिमाना बाहिर प्राकृतिक सम्पत्तिको पूँजीबाट प्रदान गरिएको पारिस्थितिक प्रणाली सेवाहरुबारे सहर सचेत छ ? केही सम्पत्तिको संरक्षण र व्यवस्थापनलाई समर्थन गर्न छिमेकी प्रशासनहरुसँग सम्झौताहरु छन् ? | ३. सहरलाई यसको प्रशासनिक सीमाना भन्दा वाहिरको प्राकृतिक पूँजीको महत्वबारे सचेत छ र यी सम्पत्तिहरुको संरक्षण र छिमेकी प्रशासनसँग व्यवस्थापन र समर्थन गर्न योजनाहरु छ ।<br>२. सहरमा प्रशासनिक सीमाना बाहिर प्राकृतिक पूँजीद्वारा प्रदान उपयोगीहरु बारे सचेत छ, छिमेकी प्रशासनसँग केही प्रारम्भिक छलफलहरु भएका छन् ।<br>१. सहरको प्रशासनिक सीमाना बाहिर प्राकृतिक पूँजीद्वारा प्रदान गरिएका उपयोगीतहरुको बारेमा सहरलाई केही सचेतना छ तर कुनै कदम चालेको छैन ।<br>०. थोरै वा कुनै चेतना छैन । | • |

# आवश्यकता ०६

## उत्थानशीलताको लागि संस्थागत क्षमतामा अभिबृद्धि

## आवश्यकता नं. ६
## उत्थानशीलताको लागि संस्थागत क्षमतामा अभिबृद्धि

**उत्थानशीलताको लागि संस्थागत क्षमतको शसक्तिकरण गर्ने।**

- सीपहरु समावेश छन् तर पर्याप्त छैनन्, जोखिम मूल्याङ्कन, जोखिम संवेदाशील योजना (स्थानीय र सामाजिक आर्थिक), परियोजना समीक्षा/ डिजाइनमा विपद् र जलवायु जोखिम विचारहरु एकीकृत गर्ने (प्राविधिक डिजाइन, समन्वय, सञ्चार, तथ्याङ्क, प्रविधि व्यवस्थापन, विपद् व्यवस्थापन प्रतिक्रिया, नियन्त्रण, विपद् पछिको संरचना मूल्याङ्कन, व्यवसाय र सेवाको निरन्तरता योजना )
- प्रशिक्षण DRR कसरी लागू गर्न सकिन्छ र कुन व्यवसाय निरन्तरताको आवश्यक छ भन्ने घटना अध्ययनहरुमा आधारित हुन्छ (ध्यान दिनुहोस् कि यहाँ उल्लेख गरिएको प्रशिक्षण विपद् उत्थानशीलताको विषयमा हो, औपचारिक आपतकालिन प्रतिकार्य अभ्यासहरु जुन स्पष्ट रुपमा प्रशिक्षणको एक रुप हो जसलाई समावेश गरिएको छ, आवश्यकता नं. ९ अन्तर्गत )
- उत्थानशीलता र विपद् जोखिम न्यूनीकरणको लागि सूचना र तथ्याङ्कको ढाँचाहरु सृजना र कार्यान्वयन गर्ने, जसले तथ्याङ्क संकलन र भण्डारणमा एकरुपता निर्माण गर्दछ र नियमित विकास प्रकृयाहरुको लागि बहु सरोकारवाला समूहद्वारा तथ्याङ्क संकलन प्रयोग र पुन: प्रयोग निम्ति सक्षम गर्दछ।
- भूमिका र जिम्मेवारीहरुको साझा बुझाइ र सहरमा उत्थानशीलतामा साझा र खुल्ला जानकारीको कार्यढाँचा पनि क्षमताको लागि महत्वपूर्ण छ, यी आवश्यक कुराहरु समेटिएका छन्।

**तपाईंले यो मूल्याङ्कन पूरा गर्न आवश्यक पर्ने तथ्याङ्कमा समावेश छ:** प्रशिक्षण पाठ्यक्रम; ती प्रशिक्षितहरूका लागि प्रशिक्षण अभिलेखहरू, पाठ्यक्रमहरू चलाउँछन्; विद्यालय र विश्वविद्यालय पाठ्यक्रम; प्रभावकारिता मा सर्वेक्षण र बजार अनुसन्धान तथ्याङ्क।

**प्रारम्भिक मूल्याङ्कन**

| क्र.स. | विषय/मुद्दा | प्रश्न/ मुल्याङ्कन क्षेत्र | सूचक मापन तह | टिप्पणीहरु |
|---|---|---|---|---|
| P ६.१ | सीप र अनुभव | के सहरसँग सबै सीप र अनुभवहरुको स्पष्ट ज्ञान छ ? जसले जोखिम कार्य गर्न र पहिचान गरिएको विपद्को क्षेत्रमा उद्धार गर्न आवश्यक छ ? | ३. सहर आफैंमा सबै आवश्यक सीपहरु/ अनुभवहरुमा र स्रोतहरुमा द्रुत पहुँच छ, जहाँ पहिचान गरिएको प्रकोप क्षेत्रहरुमा उद्धार गर्न आवश्यक छ ।<br>२. सहरसँग अधिकाशं आवश्यक सीपहरु/ अनुभव र स्रोतहरुमा द्रुत पहुँच छ । जसले पहिचान गरेको क्षेत्रहरुमा उद्धार गर्न आवश्यक छ । केही आवश्यक सीपहरु नजिकैको सहर / क्षेत्रहरुबाट प्राप्त गर्न सकिन्छ ।<br>१. सहरले धैरैजसो आवश्यक पर्ने सीप/ अनुभव र स्रोतहरु प्राप्त गर्न सक्छ जुन क्षेत्रहरु पहिचान भएका छन् तर त्यहाँ केही कमी कमजोरीहरु छन् ।<br>०. त्यहाँ सीप / अनुभव र स्रोतहरुमा महत्वपूर्ण अन्तरहरु छन्, जुन सहरले पहिचान गरिएका अवस्थाहरुमा प्रतिक्रिया दिन द्रुत रुपमा पहुँच गर्न सक्छ । | • सहरले पूर्व-घटना योजना र घटनाको समयमा र घटनापछिको क्रियाकलापसँग सम्बन्धित सीप र अनुभवलाई विचार गर्नुपर्छ ।<br>• सीपहरु सहरभित्रैबाट, वा सहरमा आधारित बाह्य संथाहरुबाट (उदाहरणको लागि उपयोगिताहरु) वा परामर्शदाताहरुबाट भुक्तानीको आधारमा आउन सक्छ । |
| P ६.२ | सार्वजनिक शिक्षा र सचेतना | के एक व्यवस्थित जन-सम्पर्क र शिक्षा अभियान विद्यमान छ ? जुन प्रणालीसहितको सन्देश र खतरा, जोखिम र प्रकोप जानकारी गराउने सञ्जाल (बुझ्न र प्रयोग गर्न सक्ने) जनतामा सहि तरीकाले प्रवाह भएको होस् । | ३. जोखिम र प्रकोप सूचनाको उचित प्रसार सुनिश्चित गर्न पूर्ण रुपमा सम्बन्धित अभियान र कार्यक्रमहरु (PR र Education) विद्यमान छन् । मुख्य सूचनाहरु सहरको जनसंख्याको ७५% भन्दा बढीमा पुग्छन् ।<br>२. अभियान र कार्यक्रमहरु (PR र Education) खतरा, जोखिम र प्रकोप जानकारीको उचित प्रसार सुनिश्चित गर्न विद्यमान छन् मुख्य सन्देशहरु सहरको ५०% भन्दा बढी जनसंख्यामा पुग्छन् । | • यहाँ हामी जनतासँग सूचना प्रवाह गर्ने सहरको क्षमताको समीक्षा गर्दैछौं । अन्य सरोकारवालाहरुद्वारा आयोजित भएकोमा अन्य धेरै सञ्चार माध्यमहरु हुनेछन् । |

| क्र.स. | विषय/मुद्दा | प्रश्न/ मुल्याङ्कन क्षेत्र | सूचक मापन तह | टिप्पणीहरु |
|---|---|---|---|---|
| | | | १. जोखिम, जोखिम र विपद् जानकारी सम्प्रेषण गर्नका लागि कही उपयोगी कार्यक्रमहरु/ सञ्जालहरु रहेका छन्, तर जनतामा ठूलो अनुपतामा पुग्न सुधारको लागि महत्वपूर्ण ठाउँ छ, सहरको जनसंख्याको २५% पुगेको छ।<br>०. विपद् जोखिममा महत्वपूर्ण सूचना प्रवाह गर्न प्रणालीहरु पूर्णतया अपर्याप्त छन्। | |
| P ६.३ | तथ्याङ्क साझेदारी | सहरको उत्थानशीलताको सन्दर्भमा कुन हदसम्म तथ्याङ्क साझा गरिएको छ ? जुन सहरको उत्थानशीलतामा अन्य संस्थाहरु सँग संलग्न छन्। | ३. सहरको सहरसँग उत्थानशीलताको तस्विर निर्माण गर्न उपयोगी हुने धेरै सहरको तथ्याङ्क संकलनहरु एकै गर्न / संश्लेषण गर्ने पोर्टल (वा अन्य विधि) छ।<br>२. सहरले कुनै खास स्थान वा क्षेत्रमा उत्थानशीलता सुदृढ गर्न केही तथ्याङ्कको तहहरुमा संश्लेषण र साझेदारी गर्न राम्रो काम गरेका छन्।<br>१. केही तर सबै सहरको तथ्याङ्कको तह साझा/ पहुँच योग्य छन् तर तथ्याङ्क परिपक्व छैन र व्याख्या आवश्यक छ।<br>०. थोरै वा कुनै उपयोगी सहरको तथ्याङ्क उपलब्ध / साझेदारी गरिएको छ। | • सहरको उत्थानशीलताको सन्दर्भ बुझ्न उपयोगी हुने सहरको तथ्याङ्कका प्रकारहरु समावेश छन् जस्तै : जनसंख्या, जनसांख्यिकी, सङ्कटासन्नता पूर्वाधार जोखिम, बाढी, प्रकोपको तथ्याङ्कहरु समावेश छन्।<br>• उचित अभ्यासमा पूर्ण सरोकारवाला / सार्वजनिक सञ्चार रणनीति र तथ्याङ्क पोर्टल वा प्रमुख सहर सरोकारवालाहरुलाई जोखिम जानकारीको इजाजत पत्र समावेश हुन सक्छ।<br>• मुख्य प्रश्न यो पनि हो की ( तथ्यको एक संस्करण) सबै सरोकारवालाबीच लागू हने रुपमा साझा गरिएको छ । अर्को शब्दमा के सबै सरोकारवालाहरुसँग एकरुपता र मिल्दो जानकारी र धारणाहरु छन्। |

| क्र.स. | विषय/मुद्दा | प्रश्न/ मुल्याङ्कन क्षेत्र | सूचक मापन तह | टिप्पणीहरु |
|---|---|---|---|---|
| P ६.४ | तालिम प्रवाह | के त्यहाँ सरकार, व्यवसायी, गैर सरकारी संस्था र समुदाय लगायत सहरका सबै क्षेत्रहरुमा प्रस्तावित जोखिम र उत्थानशीलताका मुद्दाहरु समेट्ने गरी प्रशिक्षण पाठ्यक्रमहरु छन् ? | ३. त्यहाँ सरकार व्यवसायी, गैर सरकारी संस्था र समुदाय लगायत सहरका सबै क्षेत्रहरुमा प्रस्तावित जोखिम, उत्थानशीलता र प्रकोप प्रतिक्रिया समावेश उत्थानशीलता गर्ने प्रशिक्षण कार्यक्रमहरु छन् ।<br>२. सहरसँग केही क्षेत्रहरुमा उत्थानशीलता प्रशिक्षण प्रदान गर्ने Track तथ्याङ्क छ, तर अन्य क्षेत्रहरुमा प्रशिक्षण र संलग्नताको कमी छ ।<br>१. केही प्रशिक्षण मापदण्डहरु उपलब्ध छन् समावेश र सामाग्री उल्लेखनीय रुपमा सुधार गर्न आवश्यक छ ।<br>०. थोरै वा कुनै सान्दर्भिक तालिम विद्यमान छैन जुन सहरको लागि उपयुक्त छ । | • ध्यान दिनुहोस् कि आपतकालिन प्रतिक्रिया अभ्यासहरु आवश्यकता नं. ९ मा समेटीएका छन्, आवश्यकता नं. ६ मा प्रशिक्षण प्रवाह व्यवसायिक प्रशिक्षणसँग सम्बन्धित छ । |
| P ६.५ | भाषा | के तालिम सामाग्रीहरु सहरमा प्रयोग हुने बहुसंख्यक भाषाहरुमा उपलब्ध छ ? | ३. सबै तालिम सामाग्री सहरमा प्रयोग हुने सबै भाषामा उपलब्ध छ ।<br>२. सबै प्रशिक्षण सामाग्रीहरु सहरमा प्रयोग हुने प्राय जसो भाषाहरुमा उपलब्ध छन् ।<br>१. सबै प्रशिक्षण सामाग्रीहरु सहरमा प्रयोग हुने केही भाषामा छन् ।<br>०. कुनै अनुवाद गरिएको छैन । | • विभिन्न भाषाहरुको उच्च संख्या भएका सहरहरुले पहिलो वा दोस्रो भाषाको रुपमा सबैले बुझ्ने भाषाहरुको चयनको लागि व्यवस्थापन गर्नुपर्ने हुन सक्छ । |

| क्र.स. | विषय/मुद्दा | प्रश्न/ मुल्याङ्कन क्षेत्र | सूचक मापन तह | टिप्पणीहरु |
|---|---|---|---|---|
| P ६.६ | अरुबाट सिक्ने | के सहरले सक्रिय रुपमा ज्ञान आदान प्रदान गर्न र यस्तै चूनौतीहरुको सामना गरिरहेका अन्य सहरहरुबाट सिक्न खोजिरहेको छ ? | ३. सहरले सक्रिय रुपमा ज्ञान आदान प्रदान गर्न र समान चूनौतीहरुको सामना गरिरहेको अन्य सहरहरुबाट सिक्न खोज्छ र यसलाई सहज बनाउन सञ्जालहरुको दायरामा सक्रिय छ।<br>२. सहरले ज्ञान बाडफाँडको महत्व बुझ्छ र शहरी सञ्जालहरुको दायरासँग सदस्यता छ। सञ्जालहरु अधिकतम लाभको लागि माध्यम बनाइएको छैन।<br>१. केही ज्ञान साझेदारी सहरहरुबीच हुन्छ तर यो तदर्थ हुन जान्छ।<br>०. कुनै पनि ज्ञान साझेदारी व्यक्तिहरुमा निर्भर गर्छ। | • सहकर्मी सहकार्य गर्न सहरहरु वा उद्योग समूहहरु, राष्ट्रिय उत्थानशीलता र आपतकालिन व्यवस्थापन फोरमहरु, सहर समूहहरु जस्तै C40, IcLEI र अरुहरु वा संयुक्त राष्ट्रसंघ जस्ता गैर सरकारी संस्थाहरु मार्फत प्रत्यक्ष आदान प्रदान गरि लाभ प्राप्त गर्ने। |

आवश्यकता

# ०७

# उत्थानशीलताको लागि सामाजिक क्षमताको बुझाइ र शसक्तिकरण गर्ने

## आवश्यकता नं. ७
## उत्थानशीलताको लागि सामाजिक क्षमता बुझाइ र शसक्तिकरण गर्ने

**उत्थानशीलताको लागि सामाजिक क्षमताको बुझाइ र शसक्तिकरण गर्नु । विपद् जोखिम न्यूनीकरणमा साँस्कृतिक सम्पदा र शिक्षाको भूमिकाको मान्यता मार्फत पारस्पारिक सहयोगको सँस्कृतिलाई प्रवर्द्धन गर्न सामाजिक सञ्जालको लागि वातावरण तयार गर्नुहोस् ।**

- सामाजिक सम्बन्ध र आपसी सहयोगको सँस्कृतिले कुनै पनि परिणामको विपद्को वास्तविक परिणामहरुमा ठूलो प्रभाव पार्छ । यी समावेश उपायहरुद्वारा प्रोत्साहन गर्न सकिन्छ ।
- छिमेकी आपतकालिन प्रतिक्रिया समूह र तालिमको स्थापना र व्यवस्थापन गर्ने ।
- संलग्न र सहयोगी नागरिक समाज, संगठनहरु, युवा समूहहरु, क्लवहरु, धार्मिक समूहहरु, वकालत समूहहरु (जस्तै अपाङ्गताहरुको लागि) निर्णय लिने र कल्याणकारी संगठन (लैङ्गिक, जातीय, सामाजिक आर्थिक, भौगोलिक, शैक्षिक, व्यवसायिक, राजनैतिक, यौन झुकाव र जीवन अनुभव) समर्थन गर्न विविधतालाई प्रोत्साहन गर्ने ।
- सामुदायिक समूहहरुलाई शिक्षा, प्रशिक्षण र सहयोग प्रदान गर्ने ।
- सामुदायिक समूहहरुलाई जोखिम क्षेत्रहरुको स्पष्ट तथ्याङ्क, राहतको क्षमता स्तर र यसरी उनीहरुले सामना गर्न आवश्यक पर्ने अवस्थाको जानकारी दिने ।
- प्रत्येक छिमेकमा आफूलाई मद्दत गर्न सङ्कटासन्न र कम सक्षम छन् । सक्नेहरुको औपचारिक वा अनौपचारिक जनगणना गर्ने र उनीहरुको आवश्यकता के हो भनेर उनीहरुबाट बुझ्ने ।
- जनचेतना र समझदारी निर्माण गर्न कल्याणकारी वा सामाजिक सेवा भ्रमणहरु र कार्यालयहरु, प्रहरी, पूस्तकालयहरु र संग्राहलयहरु जस्ता जनतासँग सरकारी संलग्नता प्रयोग गर्दै ।
- प्रकोप सचेतना, व्यापार निरन्तरता योजना र प्रशिक्षणको लागि रोजगारदाताहरुसँग उनीहरुको कार्यालयसँग सञ्चार च्यानलको रुपमा संलग्न हुने ।
- स्थानीय सञ्चारलाई क्षमता अभिवृद्धिमा संलग्न गराउने, (टि.भी., छापा, सामाजिक सञ्जाल आदि)
- मोवाइल (फोन/ट्यावलेट) र संलग्नताको वेव-आधारभूत प्रणालीहरु (उदाहरणको लागि Crowd Sourcing वा तयारी तथ्याङ्कको प्रचारप्रसार गर्ने ।
- सहरमा प्रयोग हुने सबै भाषामा सबै समाग्रीहरु अनुवाद गर्ने ।
- विद्यालय, उच्च शिक्षा, विश्वविद्यालय र कार्यास्थल भित्रका शिक्षा पाठ्यक्रममा विपद् सचेतना गर्ने विधिहरु र प्रशिक्षण समावेश गर्ने सुनिश्चित गर्नु सामाजिक उत्थानशीलताको प्रमुख तत्व हो । यो सिद्धान्तमा समावेश गरिएको छ ।

**तपाईंले यो मूल्याङ्कन पूरा गर्न आवश्यक पर्ने तथ्याङ्कमा समावेश छः** "ग्रासरुट" संस्थाहरूको सूची र तिनीहरूको आकार, भूमिका र तिनीहरूले कसरी सञ्चालन गर्ने भन्ने बारे जानकारी; सहरले बेफाइदा भएका समूहहरूसँग कसरी काम गर्छ भन्ने विवरणहरू - उदाहरणका लागि, उच्च गरिबी भएका क्षेत्रहरूमा; क्षणिक वा घुमन्ते समुदायहरू; बस्ती / अनुहारका बासिन्दाहरू; वृद्ध; शारीरिक वा मानसिक रूपमा बिरामी वा असक्षम; बच्चाहरु; गैर-स्थानीय भाषा बोल्नेहरू।

## प्रारम्भिक मूल्याङ्कन

| क्र.स. | विषय/मुद्दा | प्रश्न/ मुल्याङ्कन क्षेत्र | सूचक मापन तह | टिप्पणीहरु |
|---|---|---|---|---|
| P ७.१ | समुदाय वा तल्लो तहको संगठन सञ्जाल र तालिम | के साधारण जनता वा सामुदायिक संस्थाहरुले सहरको प्रत्येक छिमेकीका लागि पूर्वघटना योजना वा घटना पछिको क्रियाकलापहरुमा (उद्धार) सहभागिता भइरहेका छन् ? | ३. सहरको जासंख्याको ठूलो हिस्सा ओगटेको सामुदायिक संस्थाहरुले सहरभरिनै घटना पूर्व योजना र घटनापछिको प्रतिक्रियामा सक्रिय रुपमा भाग लिइरहेका छन् ।<br>२. केही स्थानहरुमा वा योजना वा प्रतिक्रियाको कुनै पक्षमा विभिन्न तल्लो तहका संस्थाहरु सँगको संलग्नता छ तर यो व्यापक छैन ।<br>१. विपद् जोखिम न्यूनीकरणको महत्वको बारेमा मुख्य तल्लो तहका संस्थाहरुमा चेतना छ, तिनिहरुले सचेतना बढाउन योजनाको वरिपरि सक्रिय सहभागीताको साथ होइन ।<br>०. सहरको तल्लो तहका संस्थाहरुको संलग्नता निकै कम छ । | • विपद् जोखिम न्यूनीकरण गतिविधिहरुलाई सक्रिय रुपमा समर्थन गर्ने तल्लो तहका संस्थाहरुको प्रकार क्षेत्र र सहर अनुसार फरक/फरक हुनेछ यसमा युवा समूहहरु, खेलकुद क्लवहरु आदि समावेश हुन सक्छन् । प्रत्येक स्थानमा कुन कुन समूहहरुको योग्यता राम्रो छ भन्ने कुरामा निर्भर हुन्छ । |
| P ७.२ | सामाजिक सञ्जाल (संग संगै हिडौं) | के त्यहाँ सहरमा सबैभन्दा कमजोर र आवश्यक जनसंख्यालाई नियमित प्रशिक्षण कार्यक्रम प्रदान गरिएको छ ? | ३. प्रत्यके ६ महिनामा एक पटक प्रशिक्षण कार्यक्रम सञ्चालन गरिन्छ ।<br>२. वर्षमा एक पटक प्रशिक्षण कार्यक्रम सञ्चालन गरिन्छ ।<br>१. कुनै प्रशिक्षण कार्यक्रम छैन तर सामाजिक रुपमा कमजोर जनसंख्याको म्यापिङ्ग उपलब्ध छ ।<br>०. सामाजिक रुपमा कमजोर जनसंख्याको कुनै नक्साङ्न छैन । | • सामाजिक सङ्कटासन्नता भनेको प्रकोप पूर्व सामाजिक कारकहरुको परिणाम हो, जसले जोखिम अवस्थाहरुको लागि तयारी, प्रतिक्रिया र पुन: प्राप्तीको योग्यता वा क्षमताको कमीलाई निम्त्याउँछ, सामाजिक जोखिममा उमेर लिङ्ग, जाति, चिकित्सा, रोग, अपाङ्गता साक्षरता र सामाजिक अलगाव जस्ता विद्यमान सामाजिक परिस्थितिको कारण असमानता पूर्वक पिडीत हुने संभावना भएका व्यक्तिहरु समावेश हुन्छ । |
| P ७.३ | निजी क्षेत्र र रोजगारदाताहरु | पछिल्लो अठार महिना भित्र समिक्षा गरिएको लिखित मामला निरन्तररुपमा योजनाको कुन अनुपातमा व्यवसायहरु छन् ? | ३. ६० देखि १००%<br>२. ४० देखि ६० %<br>१. २० देखि ४० % | • दश जना भन्दा बढी व्यवसायी वा कर्मचारी |

| क्र.स. | विषय/मुद्दा | प्रश्न/ मुल्याङ्कन क्षेत्र | सूचक मापन तह | टिप्पणीहरु |
|---|---|---|---|---|
| | | | ०. ० देखि २० % | |
| P ७.४ | नागरिक संलग्नताका विधिहरु | विपद् जोखिम न्यूनीकरणको सम्बन्धमा नागरिक संलग्नता र सञ्चारमा सहर कतिको प्रभावकारी छ ? | ३. धेरै सञ्चार च्यानलहरु (जस्तै: सामाजिक सञ्जाल, रेडीयो, इमेल, अखवार, मोवाइल उपकरण) मार्फत संलग्नता, Inbound तथ्याङ्क प्रवाह, भिड व्यवस्थापन आदिका लागि प्रयोग गरिएको मोवाइल परिणाम प्रति नागरिक प्रतिवर्ष धेरै सम्पर्कहरु छन् ।<br>२. धेरै सञ्चार च्यानलहरु मोवाइलहरु बाट कुनै Inbound तथ्याङ्क संकलन छैन । अधिकांश नागरिकहरु प्रतिवर्ष धेरै पटक पुग्छन् ।<br>१. केही सञ्चारहरु अर्ध नियमित अद्यावधिकहरु ।<br>०. विपद्को जोखिम न्यूनीकरणमा गरिव वा कुनै नागरिक संलग्नता छैन । | • |

## टिपोटहरु

## आवश्यकता
# ०८

# पूर्वाधार उत्थानशीलता वृद्धि

## आवश्यकता नं. ८
## पूर्वाधार उत्थानशीलता वृद्धि

**क्षमता र पर्याप्त साथै महत्वपूर्ण प्रणालीहरुबीचको सम्बन्धको मूल्याङ्कन गर्नुहोस्, र आवश्यकता नं. २ मा पहिचान गरिएका जोखिमहरु अनुसार आवश्यक रुपमा स्तरोन्नति गर्नुहोस् ।**

- यसले संवेदनशील पूर्वाधार प्रणालीहरुले सहरले अनुभव गर्न सक्ने प्रकोपहरुको सामना गर्न सक्ने र यी प्रणालीहरुबाट हुने जोखिमहरु व्यवस्थापन गर्न प्राथमिकताहरु विकास गर्ने भनेर सम्बोधन गर्दछ, यसलाई निम्न उल्लेखित उपायहरुद्वारा सम्बोधन गर्नुपर्दछ, तर सिमित छैन ।
- आवश्यकता नं. २ मा, जोखिम क्षेत्रहरुको सम्बन्धमा क्षमता र पूर्णता सम्बन्धी समीक्षा । समानान्तर पूर्वाधारमा हुने क्षतिलाई विचार गर्नुपर्ने (उदाहरणको निम्ति सहर बाहिरका दुई मध्ये कुनै एक अवरुद्ध भएमा अर्कोमा पर्ने निकासी क्षमतामा प्रभाव) साथै विभिन्न प्रणालीहरुको सम्बन्ध (जस्तै : अस्पतालले विद्युत वा पानी आपूर्ति गुमाउँदा पर्ने प्रभाव)
- परियोजना प्राथमिकता योजना डिजाइन, कार्यान्वयन मार्फत संभार चक्रमा उत्थानशीलता लाई उचित रुपमा लिइएको सुनिश्चित गर्न पूर्वाधार एजेन्सीहरु (संस्थाहरु) (निजी क्षेत्रका हुन सक्नेहरु सहित) साथ सम्पर्क राख्ने र जडानहरु निर्माण गर्ने ।
- सहर र सरोकारवालाहरुद्वारा सहमत भएका उत्थानशीलताका मापदण्डहरु समावेश गर्नका लागि सूचना र खरिद प्रकृयाहरु सबैतिर एक रुपता हुन्छ ।
- आपतकालिन व्यवस्थापन पूर्वाधारका लागि, बृहत क्षमता समीक्षा गर्ने, जसले कानून व्यवस्थापनका समस्याहरु, हताहत, विस्तापितहरु र यस्तै अन्यबाट अचानक बढेको बोझसँग समाना गर्ने क्षमतालाई जनाउँछ ।
- प्रवलीकरणको प्राथमिकता वा असुरक्षित पूर्वाधारको प्रतिस्थापनको लागि व्यवस्थित रुपमा सहजीकरणको प्रक्रियाहरु पनि आवश्यक छन्, यी आवश्यकता नं. २ मा समेटिएको छ ।
- संवेदनशील पूर्वाधारमा सहर सञ्चालनको लागि आवश्यक पर्ने र विशेषगरी आपतकालिन उद्धारको लागि आवश्यक पर्ने जहाँ फरक छन् । सञ्चालनको लागि आवश्यक पर्ने पूर्वाधार समावेश तर सिमित छैन ।
- यातायात, सडक, रेल, एयरपोर्ट र अन्य बन्दरगाहाहरु
- सवारी साधन र तताउने इन्धन आपूर्ति
- सञ्चारका माध्यमहरु
- दुरसञ्चार प्रणाली
- उपयोगीता प्रणाली (फोहोर, पानी, विजुली, ग्यास, फोहोर डिस्पोजल)
- स्वास्थ्य सेवा केन्द्र, अस्पताल
- विद्यालयहरु र शिक्षण संस्थाहरु
- खाद्य आपूर्ती श्रृङ्खला
- एम्बुलेन्स, प्रहरी र दमकल सेवा सहित आपतकालिन प्रतिक्रिया
- जेलहरु
- प्रशासन कार्यालय, समाज कल्याण, आवास
- कम्प्युटर प्रणाली र डाटामाथि समर्थन गर्दछ ।
- स्रोतहरुले साँस्कृतिक सम्पदा क्षेत्रहरु र कलाकृतिहरुको सुरक्षा र अस्तित्वलाई अनुमति दिन्छ ।
- प्रकोप प्रतिक्रियाका लागि आवश्यक पूर्वाधारहरुमा माथिका कुराहरु समावेश हुन सक्छ र अन्यहरु जस्तै :

- आपतकालिन घटना वा आदेश केन्द्रहरु र सम्बन्धित सञ्चार र अनुगमन स्थिति जागरुकता प्रणालीहरु यसका क्यामरा, सेन्सरहरु र Crowd Sourcing संयन्त्रहरु जस्तै: SMS र Tweeter पढ्न सकिन्छ ।

- थप दमकल, प्रहरी र एम्बुलेन्स
- माटो र  मलवा (ह्रास) हटाउने उपकरणहरु
- पम्पहरु तथा जेनेरेटरहरु
- खेलकुद सुविधाहरु, विद्यालय भवनहरु र यस्तै जुन स्थान आश्रमको निम्ति उयपोग वा प्रयोग हुन्छ ।

- शवगृह
- व्यक-अप तथा कम्प्युटिङ सुविधाहरु

**तपाईंले स्कोरकार्डको यो खण्ड पूरा गर्न आवश्यक पर्ने तथ्याङ्कमा समावेश हुनेछ:** प्रत्येक पूर्वाधार प्रणालीको लागि प्रकोप उत्थानशीलता योजनाहरू (प्रत्येक एक वा बढी छुट्टाछुट्टै एजेन्सीहरूको स्वामित्वमा हुन सक्छ), र ती योजनाहरूको कार्यान्वयनको तथ्याङ्क; महत्वपूर्ण सम्पत्तिहरू बीचको सम्बन्ध, तिनीहरूले सेवा गर्ने जनसंख्या, र आवश्यकता नं. २ मा परिदृश्यहरूमा तिनीहरूको हानि वा क्षतिलाई जोड्ने कागजातहरू। यो तथ्याङ्क बहु संस्थाहरूबाट आउने सम्भावना छ र स्कोरकार्डको यो खण्ड पूरा गर्न सम्भवतः इन्जिनियरिङ आवश्यक पर्दछ।

**प्रारम्भिक मूल्याङ्कन**

| क्र.स. | विषय/मुद्दा | प्रश्न/ मुल्याङ्कन/ क्षेत्र | सूचक मापन तह | टिप्पणीहरु |
|---|---|---|---|---|
| P ८.१ | संवेदनशील भौतिक पूर्वाधार सर्वेक्षण | के संवेदनशील पूर्वाधार उत्थानशीलता सहरको प्राथमिकता हो ? के सहरले संवेदनशील पूर्वाधार योजना वा रणनीतिको स्वामित्व र कार्यान्वयन गर्छ ? | ३. सहरको स्वामित्व र कार्यान्वयन ( अन्य सरोकारवालाहरुसँगको सहकार्यमा ) यसको संवेदनशील पूर्वाधार, उपयोगिताहरु र सेवाहरुको सुरक्षा गर्न संवेदनशील पूर्वाधार योजना वा रणनीति छ। रणनीतिले जोखिम तनावलाई प्रकाश पार्दछ र आवश्यक सेवाहरुको लागि निरन्तरता योजनाहरु समावेश गर्दछ।<br>२. सहरमा महत्वपूर्ण पूर्वाधार फोरम वा सहर स्तरमा प्रणाली / जोखिममा तनावको विन्दुहरुमा सहर र विभिन्न सेवा प्रदायक बीच जोखिमको साझा बुझाइ स्थापित गर्नका लागि अन्य माध्यमहरु छ।<br>१. जोखिमहरु केहीका लागि बुझाइ तर सबै प्रमुख पूर्वाधार प्रकारहरु होइनन्।<br>०. कुनै योजना वा फोरमहरु छैनन्, सहरमा महत्वपूर्ण पूर्वाधार जोखिमहरु राम्ररी बुझिएका छैन। | • |
| P ८.२ | सुरक्षित भौतिक पूर्वाधार | के भएका सुरक्षात्मक पूर्वाधार जोखिम सम्बन्धी जानकारीको आधारमा राम्रोसँग डिजाइन र निर्मित छ ? | ३. सबै अवस्थामा सुरक्षित पूर्वाधारहरु छन् र अन्य व्यवस्थापनको लागि उत्तम अभ्याससँग सुसंगत छ साथै सान्दर्भिक जोखिम जानकारीको आधारमा भएको छ।<br>२. धेरै जसो अवस्थामा सुरक्षित पूर्वाधार विद्यमान छ र सम्पदाको डिजाइन र व्यवस्थापनमा आधारित व्यवस्थापनको लागि सान्दर्भिक जोखिम जनकारीको आधारमा उचित अभ्याससँग सुसंगत छ।<br>१. धेरै जसो अवस्थामा सुरक्षात्मक पूर्वाधारहरु छन् तर केही रणनीतिक सुरक्षात्मक पूर्वाधारहरु हराइरहेका | • सुरक्षात्मक उपायहरु:-<br>• बाढी अवरोधहरु<br>• बाढी, पहिरो<br>• समुद्री पर्खालहरु<br>• आश्रय स्थलहरु<br>• तुफान नाली अनि तुफानपानी होल्डिङ्ग ट्याङ्की<br>• सीमसार (आवश्यकता नं. ५ हेर्नुहोस्) |

| क्र.स. | विषय/मुद्दा | प्रश्न/ मुल्याङ्कन/ क्षेत्र | सूचक मापन तह | टिप्पणीहरु |
|---|---|---|---|---|
| | | | छन् । डिजाइन र व्यवस्थापन उचित अभ्याससँग सुसंगत छैन ।<br>०. सहरका महत्वपूर्ण मागहरु तोकीएका जोखिमहरु/ जोखिमहरुबाट असुरक्षित छन् । | • भूकम्पको सामना गर्न पूर्वाधारमा लगाइएका विधिहरु |
| P ८.३ | पिउन योग्य पानी र सरसफाई | के यी दुई आधारभूत सेवाहरुको लागि सेवाको अर्थपूर्ण हानी सम्झौता विपद् क्षेत्रहरु अन्तर्गत सहरको महत्वपूर्ण अनुपातको लागि आशा गरिन्छ ? | ३. त्यहाँ धैरै गम्भीर अवस्थाबाट पनि सेवा गुमाउने छैन ।<br>२. सेवाको केही हानी सबैभन्दा गम्भीर अवस्थाबाट अनुभव हुने छ ।<br>१. सेवाको केही हानी सबैभन्दा संभावित अवस्थाबाट अनुभव हुने छ ।<br>०. सेवाको महत्वपूर्ण हानी सबैभन्दा संभावित अवस्थाबाट अनुभव गरिनेछ । | |
| P ८.४ | उर्जा | के सबैभन्दा खराव अवस्थाको घटनामा सहरको महत्वपूर्ण अनुपातको लागि सेवाको महत्वपूर्ण हानीको अपेक्षा गरिन्छ ? असफलताको अवस्थामा उर्जा पूर्वाधार क्षेत्रहरु सुरक्षित रहनेछन् ? ( जस्तै: चुहावट, विद्युत चुहावट आदी) को जोखिमबाट मुक्त छ ? | ३. सबैभन्दा धैरै गम्भीर अवस्थाबाट पनि सेवा प्रवाहमा कुनै हानी हुने छैन ।<br>२. सेवामा केही हानी सबैभन्दा गम्भीर अवस्थाबाट अनुभव हुनेछ ।<br>१. सेवाको केही हानी सबैभन्दा संभावित अवस्थाबाट अनुभव हुनेछ ।<br>०. सेवाको महत्वपूर्ण हानी सबैभन्दा संभावित अवस्थाहरुबाट अनुभव गरिनेछ । | • |
| P ८.५ | यातायात | के सबैभन्दा खराब अवस्थाको घटनामा सहरको महत्वपूर्ण अनुपातको लागि सेवाको महत्वपूर्ण घटना अपेक्षित हुने छ ? असफलताको अवस्थामा के यातायात पूर्वाधार क्षेत्रहरु सुरक्षित रहनेछन् (जस्तै : बस्ती र झट्का आदि) | ३. कुनै गम्भीर परिस्थितिबाट पनि सेवा गुमाउने छैन ।<br>२. सेवामा केही हानी सबैभन्दा गम्भीर अवस्थाहरुबाट अनुभव हुनेछ ।<br>१. सेवाको केही हानी सबैभन्दा संभावित अवस्थाहरुबाट अनुभव हुने छ ।<br>०. सेवाको महत्वपूर्ण हानी सबैभन्दा संभावित अवस्थाहरुबाट अनुभव गरिनेछ । | • |

| क्र.स. | विषय/मुद्दा | प्रश्न/ मुल्याङ्कन/ क्षेत्र | सूचक मापन तह | टिप्पणीहरु |
|---|---|---|---|---|
| P ८.६ | सञ्चार | के सबैभन्दा खराब अवस्थाको घटनामा सहरको महत्वपूर्ण अनुपातको लागि सेवाको महत्वपूर्ण हानीको अपेक्षा गरिन्छ ? | ३. धैरे खराब अवस्थाबाट पनि सेवा गुमाउने छैन।<br>२. सेवामा केही हानी सबैभन्दा गम्भीर अवस्थाबाट अनुभव गरिनेछ।<br>१. सेवामा केही हानी सबैभन्दा संभावित अवस्थाको रुपमा अनुभव हुनेछ।<br>०. सेवामा महत्वपूर्ण हानी सबैभन्दा संभावित अवस्थाबाट अनुभव गरिनेछ। | • |
| P ८.७ | स्वास्थ्य सेवा | के त्यहाँ " सबैभन्दा खराब" अवस्थामा भयानक प्रकारको उद्धार गर्न सक्ने गरी सेवाको क्षमता हुनेछ ? | ३. सबैभन्दा गम्भीर अवस्थामा ९०% प्रमुख चोटपटकका घटनाहरु ६ घण्टामा उपचार गर्न सकिन्छ।<br>२. सबैभन्दा गम्भीर परिस्थितिमा ९०% प्रमुख चोटपटकका घटनाहरु २४ घण्टाभित्र उपचार गर्न सकिन्छ।<br>१. सबैभन्दा गम्भीर अवस्थामा ९०% प्रमुख चोटपटकको घटा ३६ घण्टाभित्र उपचार गर्न सकिन्छ।<br>०. ३६ घण्टाभन्दा लामो वा कुनै आपतकालिन सेवा क्षमता छैन। | • |
| P ८.८ | शिक्षाको सुविधा | "धैरे संभावित र सबैभन्दा गम्भीर" अवस्थाहरुबाट क्षतिको जोखिममा रहेको शिक्षा संरचनाहरुको प्रतिशत | ३. सबैभन्दा गम्भीर अवस्थामा कुनै शिक्षण सुविधाहरु जोखिममा छैनन्।<br>२. धैरे संभावित अवस्थामा जोखिम कुनै शिक्षण सुविधा छैन।<br>१. धैरे संभावित अवस्थामा ५-१० शिक्षण सुविधाहरु जोखिममा छन्।<br>०. संभावित अवस्थामा १५ भन्दा कम शिक्षण सुविधाहरु जोखिममा छन्। | • |

| क्र.स. | विषय/मुद्दा | प्रश्न/ मुल्याङ्कन/ क्षेत्र | सूचक मापन तह | टिप्पणीहरु |
|---|---|---|---|---|
| P ८.९ | पहिलो प्रतिक्रियाकर्ता सम्पत्ति | के त्यहाँ आवश्यकता अनुसार सैन्य वा नागरिक व्याक-अपको साथ पर्याप्त पहिलो प्रतिक्रिया उपकरण हुनेछ ? | ३. उपकरण स्तरहरु र क्षमताहरु वा मोडेल गरिएको छ वा व्यवहारमा पर्याप्त रुपमा एक सबैभन्दा गम्भीर अवस्थाको सामना गर्न व्यवस्थापन गरिएको छ ।<br>२. उपकरण स्तरहरु र क्षमताहरु वा मोडेल गरिएको छ व्यवहारमा पर्याप्त रुपमा सबैभन्दा गम्भीर अवस्थाको सामना गर्न प्रमाणित गरिएको छ, यद्यपी यो पारस्पारिक सहायता व्यवस्थापनहरुमा निर्भर गर्दछ, आपसी सहायता सम्झौताहरु एउटै प्रकोपबाट प्रभावित हुने संभावनाहरुका लागि परिक्षण गरिन्छ ।<br>१. क्षमताहरुले सबैभन्दा गम्भीर अवस्थाहरुमा आधारभूत आवश्यकताहरु पूरा गर्ने छ तर अन्तरहरु विद्यमान छन् भनेर थाहा छ ।<br>०. संभावित परिदृश्यमा पनि आवश्यकताहरु पूरा गर्ने क्षमतामा महत्वपूर्ण अन्तरहरु छन् । | ● पहिलो प्रतिक्रियाकर्ता कर्मचारी आवश्यकता नं. ९ मा हेर्ने ।<br>● महत्वपूर्ण कानून र व्यवस्थापन/ उत्तरदायित्व क्षमताहरुले त्यस्ता बस्तुहरु समावेश गर्दछन् ।<br>● सवारी साधनहरु (फायर फइटिङ्ग, एम्बुलेन्स र प्रहरी गाढी)<br>● हेलिकप्टर र विमान<br>● आपतकालिन खाना र प्राथमिक उपचार आपूर्ती<br>● जेनेरेटरहरुको व्यवस्थापन<br>● सञ्चार प्रणाली<br>● सञ्चालन केन्द्रहरु<br>● प्रमुख भवन<br>● उर्जा, सिँचाइ, पानी र सरसफाई सेवाहरु र अन्य महत्वपूर्ण कुराहरु, ट्रकहरु आदी सवारी साधनहरु |

# आवश्यकता ०१

## प्रभावकारी विपद् प्रतिकार्य सुनिश्चित गर्ने

## आवश्यकता नं. ९
## प्रभावकारी विपद् प्रतिक्रिया सुनिश्चित

- आकस्मिकता र तयारी योजनाहरु सृजना गर्ने र नियमित रुपमा अद्यावधिक गर्ने। आवश्यकता नं. १ मा संरचना मार्फत सबै सरोकारवालाहरुलाई जानकारी हुन्छ। (विशेष गरि अन्य स्तरका सरकार र छिमेकी सहरहरु, पूर्वाधारका सञ्चालकहरु, सामुदायिक समूहहरु सहित)। आकस्मिक योजनाहरुले कानून र व्यवस्था समावेश गर्ने, जोखिममा परेका मानिसहरुलाई खाना, पानी, चिकित्सा, आपूर्ति, आश्रय र मूख्य सामानहरु (जस्तै: आवास मर्मतका लागि) प्रदान गर्ने योजनाहरु छन्।
- सबै सरोकारवाला र समुदायभित्र विपद् पत्ता लगाउने र निगरानी गर्ने उपकरणहरु र पूर्व सूचना प्रणाली र प्रभावकारी सम्बन्धित सञ्चार प्रणालीहरु विकास र स्थापना गर्ने।
- छिमेकी सहर वा काउन्टीहरुमा संस्थाहरु र छिमेकी सहरहरुबीच आपतकालिन प्रतिकार्य कामको सुनिश्चितताको निम्ति एक-आपसमा प्रणालीको प्रयोग गर्ने।
- सामुदायिक तहहरु र स्वयं सेवकहरु सहित व्यापक आपतकालिन प्रतिक्रिया प्रणालीका सबै पक्षहरुको लागि नियमित परीक्षण र अभ्यासहरु आयोजना गर्ने।
- पूर्व तयारी, प्रतिकार्य र पुन:स्थापना कार्यहरुमा प्रभावकारी रुपमा संलग्न हुन प्राविधिकहरु, निर्माण व्यवसायीहरु आदिबीच एकीकरण गर्ने।
- प्रतिकार्य गतिविधिहरु र राहत संस्थानहरुको सुझावहरु समन्वय र व्यवस्थापन
- प्रकोप पछि आवश्यक बजेटको व्यवस्था छिटो छरितो र पारदर्शीको लागि एक व्यवहारिक संयन्त्र बनाउने कुराको सुनिश्चितता गर्ने।
- घटनापछि प्रतिकार्य र पूनर्लाभको निम्ति विपद्लाई पुग्ने गरि छुट्टै आकस्मिक कोषको प्रस्ताव गर्ने।

**तपाईंले स्कोरकार्डको यो खण्ड पूरा गर्न आवश्यक पर्ने तथ्याङ्क (सम्भावित रूपमा धेरै संस्थाहरू र एजेन्सीहरूबाट) समावेश हुनेछ:** कुन चेतावनी प्रणाली विद्यमान छ र तिनीहरू कसलाई पुग्नेछन्; आपतकालीन व्यवस्थापन योजनाहरू र प्रक्रियाहरू जसले विशेष रूपमा खण्ड ३ मा अवस्थाहरूको प्रभावलाई विचार गर्दछ; पहिलो प्रतिकार्यकर्ताको कागजात - कर्मचारी र उपकरण - क्षमताहरू; तालिम र अभ्यास को अभिलेख; प्रणालीहरूको पहिचान जहाँ अन्य एजेन्सीहरूसँग अन्तरक्रियात्मकता महत्वपूर्ण छ र अपनाइएका मापदण्डहरू; र लागू गरिएको मूल्याङ्कन, सिकाइ बिन्दु र सुधारहरूको अभिलेख।

**प्रारम्भिक मूल्याङ्कन**

| क्र.स. | विषय/मुद्दा | प्रश्न/ मुल्याङ्कन/ क्षेत्र | सूचक मापन तह | टिप्पणीहरु |
|---|---|---|---|---|
| P ९.१ | पूर्व सूचना | के सहरसँग पूर्व सूचना र पूर्वानुमानहरुमा कार्य गर्ने योजना वा उच्चस्तरीय सञ्चालन प्रक्रिया छ ? पूर्व सूचना प्रणाली जनसंख्याको कति अनुपातमा पुगेको छ ? | ३. पूर्व सूचना प्रणालीबाट ९०% भन्दा बढी जनसंख्यासम्म पुग्ने अनुमान गरिएको छ ।<br>२. अनुमान गरिएको छ कि ७५% भन्दा बढी जनसंख्या पूर्व सूचना प्रणालीद्वारा पहुँचयोग्य छ ।<br>१. पूर्व सूचना प्रणालीबाट आधा भन्दा बढी जनसंख्या पुग्न सक्ने अनुमान गरिएको छ ।<br>०. आधाभन्दा कम जनसंख्या प्रारम्भिक चेतावनी प्रणालीद्वारा पहुँचयोग्य छ । | • यस समयमा भूकम्पको लागि अर्थपूर्ण प्रारम्भिक चेतावनी प्रविधिक रुपमा संभव छैन ।<br>• |
| P ९.२ | घटना व्यवस्थापन योजनाहरु | के त्यहाँ कुनै विपद् व्यवस्थापन/ तयारी/ आकस्मिक प्रतिकार्य योजना छ ? जसमा सहर अल्पीकरण तयारी र स्थानीय आपतकालिनहरुको प्रतिकार्यको रुपरेखा छ ? | ३. त्यहाँ विपद् व्यवस्थापन/ तयारी/ आकस्मिक प्रतिकार्य योजनाहरु छ, जसमा सहर अल्पीकरण, पूर्व तयारी र स्थानीय आपतकालिन प्रतिकार्यहरु छन् ।<br>२. एक विस्तृत योजना विद्यमान छ, तर यसले सहर अल्पीकरण, तयारी र स्थानीय आपतकालिन प्रतिकार्यहरुमा कमी कमजवरीहरु छन् ।<br>१. केहि योजनाहरु विद्यमान छन्, तर विस्तृत छैन र अन्तरसम्बन्धित पनि छैन ।<br>०. कुनै योजना ज्ञान छैन । | • के योजनाले विपद् पूर्व तयारी र प्रतिक्रिया निर्देशकहरुको लागि सहर रणनीति, संगठन र संरचना प्रदान गर्दछ ? के यसले प्रमुख सहर सरोकारवालाहरु बीचको भूमिका जिम्मेवारी सहयोग र समन्वय मोडालिटीहरु तोक्न सक्छ ? |
| P ९.३ | प्रतिकार्यकर्ता / कर्मचारी आवश्यकता | के जिम्मेवारी जोखिम व्यवस्थापन प्राधिकरणसँग सघन घटना अवस्थामा जुध्न प्रथम उद्धारकहरुलाई पुग्ने प्रसस्तै कर्मचारी क्षमता छ ? | ३. सघन क्षमता विद्यमान छ र वास्तविक घटनाहरु वा विपद् र जोखिम अवस्थाहरुको लागि अभ्यासहरु मार्फत परिक्षण गरिन्छ, सबै छिमेकीहरुलाई ४ घण्टाभित्र समावेश हुने संभव हुनेछ ।<br>२. २४-४८ घण्टाभित्र सबै छिमेकीहरु समावेश हुन सम्भव छ। | • उपकरण स्तरहरुको प्राप्त आवश्यक कुराहरु समेटेको छ (आवश्यकता नं. ८) |

| क्र.स. | विषय/मुद्दा | प्रश्न/ मुल्याङ्कन/ क्षेत्र | सूचक मापन तह | टिप्पणीहरु |
|---|---|---|---|---|
| | | | १. ४८-७२ घण्टाभित्र सबै छिमेकीहरु समावेश हुन संभव छ ।<br>०. कुनै बृद्धि क्षमता पहिचान गरिएको छैन । | |
| P ९.४ | उपकरण र राहत आपूर्तिको आवश्यकता | के उपकरण र आपूर्तिको आवश्यकताहरु साथै उपकरणको उपलब्धता स्पष्ट रुपमा परिभाषित गरिएको छ ? | ३. आवश्यकताहरु परिभाषित, प्रकोप अवस्थाहरुसँग अन्तरसम्बन्धित र स्वयंसेवकहरुको भूमिकालाई ध्यान राखेको ।<br>२. आवश्यकताहरु परिभाषित, विपद् अवस्थाहरुसँग अन्तरसम्बन्धित ।<br>१. आवश्यकता परिभाषा अनिवार्य रुपमा नाममात्र वा अनुमान कार्य हो ।<br>०. कुनै आवश्यकता परिभाषित छैन (वा कुनै योजना छैन ।) | • दश जना भन्दा बढी व्यवसायी वा कर्मचारी |
| P ९.५ | खाद्य आश्रय, मुख्य सामाग्री र इन्धन आपूर्ती | के सहरले घटनापछि आफ्नो सहरबासीलाई गाँस र बासलाई निरन्तर राख्न सक्षम हुन्छ । | ३. सबैभन्दा गम्भीर परिस्थितिमा आपतकालिन खाद्यान्य र आधारभूत राहत वस्तुहरुको आपूर्ती अनुमानित आवश्यकताभन्दा बढी छ ।<br>२. सबैभन्दा गम्भीर परिस्थितिमा आपतकालिन खाद्यान्य र आधारभूत राहत बस्तुहरुको आपूर्ती अनुमानित आवश्यकता बराबर हुन्छ ।<br>१. खाद्यान्य र आधारभूत राहत बस्तुहरुको आपूर्ती अनुमानित आवश्यकता भन्दा २% वा सो भन्दा कमी हुन्छ ।<br>०. सबैभन्दा गम्भीर परिस्थितिमा आपतकालिन खाद्यान्य र आधारभूत राहत बस्तुहरुको आपूर्ती अनुमानित आवश्यकता भन्दा ५% वा सो भन्दा कमी हुन्छ / खाद्यान्यको अन्तर २४ घण्टा । | • |
| P ९.६ | अन्तर-क्रियाशिलता र अन्तर संस्था कार्य | के त्यहाँ सबै संस्थाहरुको सहभागितामा, "सबैभन्दा सम्भावित र सबैभन्दा गम्भीर" अवस्थाहरुको | ३. आपतकालिन सञ्चालन केन्द्र बहु- सञ्चारको साथ विद्यमान छ, सबैभन्दा गम्भीर अवस्थाको | • |

| क्र.स. | विषय/मुद्दा | प्रश्न/ मुल्याङ्कन/ क्षेत्र | सूचक मापन तह | टिप्पणीहरु |
|---|---|---|---|---|
| | | सामना गर्नको लागि विशेष रुपमा डिजाइन गरिएको स्वचालित उच्च सञ्चालन प्रक्रियाहरुलाई सञ्चालन गर्ने कुनै आपतकालिन केन्द्र छ ? | सामना गर्न डिजाइन गरिएको, सबै सम्बन्धित निकायहरु सहभागी छन् ।<br>२. आपतकालिन सञ्चालन केन्द्र बहु-सञ्चारको साथ विद्यमान छ, सबैभन्दा गम्भीर अवस्थामा विशेष संस्थाहरु मात्र भाग लिनका लागि डिजाइन गरिएको ।<br>१. आपतकालिन सञ्चालन केन्द्र तोकिएको छ तर कमजोर सञ्चार छ । एक वा एक भन्दा बढी चाहिने संस्थाहरु सहभागी छैनन् ।<br>०. कुनै आपतकालिन सञ्चालन केन्द्र छैन । | |
| P ९.७ | अभ्यास | के तालिम र अभ्यासहरुमा जनता र पेशेवरहरु दुवैको सहभागिता छ ? | ३. अभ्यासको बार्षिक तथ्यले सबैभन्दा गम्भीर र सबैभन्दा संभावित अवस्थाहरुको यथार्थताको प्रतिनिधित्व छन्, पेशेवरहरुलाई प्रमाणित गरेको छ ।<br>२. पेशेवरहरुद्वारा बार्षिक अभ्यासहरु सिमित परीक्षण अवस्थाहरु<br>१. तदर्थ आशिंक अभ्यासहरु / सबै अवस्थाहरु परीक्षण गरिएको छैन, यथार्थपरक छैन ।<br>०. कुनै अभ्यास छैन । | • सीप तालिमहरु आवश्यक कुराहरुमा समेटीएका छन् । |

## आवश्यकता
# १०

## पूनर्लाभ मा तीव्रता र पहिला भन्दा अझ बलियो पुन:निर्माण

# आवश्यकता नं. १०

## तीव्र पुनर्लाभ र पहिलाभन्दा बलियो र राम्रो निर्माण

- पहिचान गरिएका जोखिमहरुको आधारमा पर्याप्त प्रकोप पूर्व योजनाहरु सुनिश्चित गर्ने, र कुनै पनि प्रकोपपछि प्रभावकारिताहरुको आवश्यकताहरु पुन:निर्माणको डिजाइन र कार्यान्वयन गर्नका लागि उनीहरुको समर्थनका साथ पुन:प्राप्ती र पुन: निर्माणको केन्द्रमा राख्नुपर्छ।
- पहिलाभन्दा बलियो र राम्रो निर्माण गर्नु भनेको सेन्डाई कार्यढाँचा र दश आवश्यकताहरु हो। कुनै पनि प्रकोपपछि त्यहाँ आवश्यकता हुनेछ।
- प्रकोप पीडित र प्रभावित समुदायहरुको आवश्यकताहरु पुनर्लाभ र पुनर्निर्माणको केन्द्रमा राखिएको छ। तिनीहरु र तिनीहरुको सामुदायिक संगठनको लागि आश्रय, सम्पत्ति र जीविकोपार्जनको उच्चस्तरको उत्थानशीलताको डिजाइन र पुनर्निर्माण गर्नको लागि सुनिश्चित गर्ने।
- योजनाकारले पुन: स्थापना, पुन: प्राप्ती कार्यक्रमहरु दीर्घकालिन प्राथमिकताहरु र प्रकोप प्रभावित क्षेत्ररुको विमासँग सुसंगत छन् भनि सुनिश्चित गर्नुपर्छ।
- पुन: स्थापना, पुन:निर्माणलाई विपद् भन्दा अगाडि नै योजना बनाउन सकिन्छ। यो राम्रोसँग पुन:निर्माण गर्न राष्ट्रहरु, सहरहरु र समुदायलाई प्रकोपहरुको लागि अझ उत्थानशीलता बनाउनका लागि महत्वपूर्ण छ, तिनीहरुको पुन: प्राप्तीले निम्न कुराहरुलाई समेट्नु पर्दछ र आवश्यक क्षमता निर्माण गर्न महत्वपूर्ण छ, जहाँ सान्दर्भिक छ।
- आश्रय, खाना, पानी, सञ्चार, मनोबैज्ञानिक आवश्यकताहरु सम्बोधन आदि
- अस्थाइ आश्रयको रुपमा विद्यालयहरुको कुनै पनि प्रयोगको लागि सीमित र योजना
- मृतकको पहिचान गर्ने र आफन्तलाई खबर/ जानकारी गर्ने, गराउने
- भग्नावशेषको सफाई र व्यवस्थापन
- परित्याग गरिएका सम्पत्तिहरुको ग्रहण
- स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय सहायता र कोष व्यवस्थापन, प्रयासहरुको समन्वय र अधिकतम दक्षता, लाभ र पारदर्शीताका लागि स्रोतहरुलाई व्यवस्थापन गर्ने
- पुन: स्थापना र पुन: निर्माणका लागि सबै लगानी निर्णयहरुमा थप प्रकोप जोखिम न्यूनीकरण एकीकरण
- ब्यापार निरन्तरता र आर्थिक पुन:उत्थान
- संभावित नयाँ कमजोरीहरुको मूल्याङ्कन गर्ने र भविष्यको योजना र प्रतिक्रिया गतिविधिहरुमा सिकाइ निर्माण गर्न पुन:उत्थान, विपद् पछिको मूल्याङ्कनहरु सञ्चालन गर्ने

**तपाईंले स्कोरकार्डको यस खण्डको जवाफ दिन आवश्यक पर्ने डेटा समावेश हुनेछः** घटनापछिका योजनाहरू, सम्भावित रूपमा बहु संस्थाहरू र एजेन्सीहरूबाट।

**प्रारम्भिक मूल्याङ्कन**

| क्र.स. | विषय/मुद्दा | प्रश्न/ मुल्याङ्कन/ क्षेत्र | सूचक मापन तह | टिप्पणीहरु |
|---|---|---|---|---|
| P १०.१ | घटना पश्चात पुन:स्थापना र पुनर्लाभ | के त्यहाँ घटनापछिको पुनर्स्थापना र पुनर्निर्माणको लागि आर्थिक पुनर्उत्थान, सामाजिक पक्षहरु आदिका लागि कुनै रणनीति वा प्रक्रिया छ ? | ३. त्यहाँ रणनीति/ प्रक्रिया सही छ, जुन बलियो र सम्बन्धित सरोकारवालाहरुले राम्ररी बुझेका छन्।<br>२. त्यहाँ सही रणनीति/ प्रक्रिया छ, जसलाई सम्बन्धित सरोकारवालाहरुले राम्ररी बुझेका छन् तर कमजोरीहरुको बारेमा थाहा छ।<br>१. केही योजना/ रणनीतिहरु विद्यमान छन् तर ती व्यापक र सान्दर्भिक छैन वा सम्बन्धित सरोकारवालाहरुले बुझेका छैनन्।<br>०. कुनै ज्ञात योजना छैन। | • व्यापक पूर्व घटना, पुन: स्थापना योजना आवश्यक हुनेछ।<br>• क्षतिग्रस्त सुविधाहरुको लागि तात्कालिक व्यवस्था<br>• स्थान र अस्थायी आवासको स्रोत<br>• निरिक्षण, मर्मत र भग्नावशेष हटाउनका लागि नीतिहरु छनौट गरिएका<br>• परामर्श र व्यक्तिगत सहायता व्यवस्थापन<br>• समुदाय सहायता व्यवस्था<br>• सहरको रुपरेखामा सुधार र पुन: निर्माण हुने क्रममा सञ्चालन<br>• योजनाहरु धैरै संस्थाहरुबाट हुन सक्छन्, तर त्यहाँ धारणाहरु प्राथमिकताहरुको स्थीरताको लागि समिक्षा हुनुपर्छ।<br>• घटनापछि संगठन संरचना आवश्यकता १ मा हेर्नुहोस, कोषको बारेमा आवश्यकता ३ हेर्नुहोस्। |

| क्र.स. | विषय/मुद्दा | प्रश्न/ मुल्याङ्कन/ क्षेत्र | सूचक मापन तह | टिप्पणीहरु |
|---|---|---|---|---|
| P १०.२ | सिकिएका अभ्यासहरु र सिकिने मार्ग | के घटनापछिको समीक्षा प्रक्रियाहरुले असफलता विश्लेषणहरु र सिकेका अभ्यासहरु सिक्ने क्षमता समावेश गर्दछ, जुन त्यसपछि पुन: निर्माण परियोजनाहरुको डिजाइन र वितरणमा समावेश हुन्छ ? | ३. घटनापछि असफलताहरुबाट पाठ लिने स्पष्ट प्रक्रियाहरु छन् । पुन: निर्माण परियोजनाहरुको डिजाइन र वितरणमा यी पाठहरुलाई बुझाउन स्पष्ट र प्रभावकारी संयन्त्र र प्रक्रियाहरु छन् ।<br>२. घटनापछि असफलताबाट पाठ लिन स्पष्ट प्रक्रियाहरु छन्, यी पाठहरुलाई डिजाइन बुझाउन संयन्त्र/ प्रक्रियाहरु र पुन: निर्माण परियोजनाहरुको वितरणमा सुधार आवश्यक छ ।<br>१. केही पाठहरु कब्जा र प्रसारित छन् तर पुन वा व्यवस्थित तरिकामा होइन ।<br>०. सिकिएका पाठहरु अतिनियोजित/ तदर्थ हुन व्यक्तिहरुमा भर पर्छन् । | • यो सिकाइ सहरलाई अझ राम्रोसँग पुन: स्थापना गर्न सकिन्छ र जोखिमहरुको बुझाइमा सुधार गर्न मद्दत गर्नका लागि महत्वपूर्ण छ । नयाँ जोखिमहरु र वास्तविक घटनाहरुबाट सिक्नेहरुलाई सहरको जोखिम व्यवस्थापन ढाँचामा पुन: समाहित गर्न सकिन्छ, आवश्यकता नं. २ अन्तर्गत उल्लेखित । |

टिपोटहरु

# परिशिष्टहरू

सहरहरूका लागि प्रकोप उत्थानशीलता स्कोरकार्डका लागि सबै परिशिष्टहरू भाग-२ मा समावेश छन् ।

भाग २ https://mcr2030.undrr.org/disaster-resilience-scorecard-cities बाट डाउनलोड गर्न सकिन्छ ।

# Suryodaya Municipality

**Translation and Preparation of the Nepali Version by Suryodaya Municipality:**

- **Mr. Ran Bahadur Rai - Mayor (Team Leader)**
- **Mr. Milan Bhattarai - Chief Administrative Officer**
- **Mr. Ashish Subedi - Chief, Technical Section**
- **Mr. Srijan Gadal - Environmental Officer (Focal Person)**
- **Mr. Ishwari Prasad Adhikari - Section Officer of Forest, Environment and Disaster Management Section**
- **Mr. Kamal Gadal - Environment Specialist**
- **Mr. Sudarsan Khatiwada - Resource Person, Education Section**
- **Mr. Anish Dulal – Design & Editing**

**Reviewed and endorsed by the National Disaster Risk Reduction and Management Authority (NDRRMA) in October 2023.**

**Sources:**

- **Disaster Resilience Scorecard for Cities (Preliminary Level Assessment).**
- **Environment Friendly Local Government Framework 2021.**
- **Sendai Framework for DRR (2015-2030) (Nepali Translation)**
- **Suryodaya Municipality Disaster Preparedness and Response Plan 2023**
- **Terminology on Disaster Risk Reduction (Ministry of Home Affairs) Federal Government of Nepal (2072)**